Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १६, अंक- २२, २०८० साल पुस २४ गते मंगलबार (Jan 09, 2024) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**

## मेयर बालेनद्वारा सचिवालय प्रमुखसहित तीन कर्मचारी निलम्बित



**काठमाडौं–** काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र शाहले सचिवालय प्रमुख नुरनिधि न्यौपानेसहित तीन जना कर्मचारीलाई निलम्बन गरिएको छ ।

प्रमुख शाहको सचिवालय प्रमुख नुरनिधि न्यौपानेसहित स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेल र सम्पदा तथा पर्यटन विभागकी वरिष्ठ शाखा अधिकृत भगवती बिडारी निलम्बनमा परेका हुन् । नगर कार्यपालिकाले गरेको निर्णय आफुखुसी परिवर्तन गराएको पाइएपछि उनीहरुलाई निलम्बन गरिएको हो ।

नगर सभाले पाँच जना कार्मचारीको करार अवधि थप गर्ने निर्णय गरेकोमा वरिष्ठ शाखा अधिकृत बिडारीकी छोरीलाई जागिर खुवाउन उक्त निर्णय दुई पटक फेरबदल गरेर छोरीको नाम समेत घुसाएको आरोप छ । नगरसभाले ५ जना कर्मचारीको करार सेवा अवधि थप गर्ने निर्णय गरेको थियो । तर, उक्त निर्णय फेरेर ५ जनाको ठाउँमा एक जना थपेर ६ जना बनाइएको स्रोतले बताए ।

बैठककै निर्णय उल्टाएको सम्बन्धमा प्रश्न उठेपछि थप अनुसन्धान गर्न उनीहरु निलम्बनमा परेका हुन् । अहिले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी शिक्षा विभाग प्रमुख सीताराम कोइरालालाई दिइएको छ ।

# सम्भावनाको विकासमा लाग्न नसकेको देश

**मोहन कार्की**



रामेछापको नुम्बुर हिमाल
तस्बिरः मोहन कार्की

**काठमाडौं–** नेपालका हरियाली वनजङगल, पाहाड, टाकुरा, झर्ना, छहरा, पहरा,प्रकृतिक गुफा, खोला, नदी, हिमाल, समथर, सफा आकाश यि सवै नेपाल भित्रका मानिसहरुले जीवनमा देखिएका स्रोत हुन् ।

यहाको हावा, पानी, वातावरण सवै प्राकृतिक हुन् यस्ता प्राकृतिक स्रोतहरु नेपाल देशैभरी प्रसस्त रुपमा रहेका छन् । यहि हाम्रो नेपालमा प्राकृतिक स्रोतलाई आधार मानेर पुस्तौ पुस्तादेखि जीवन यापन पनि गरिरहेकै थिए । त्यो चलनलाई विकसित तरिकाले बढाउदै लगेर देशको उन्नति र श्रम गर्ने विकटका हुन वा शहरका किन नहुन सवै नागरिकलाई देशको अपनत्व गर्ने नीति बन्नुपर्ने थियो ।

त्यस्ता प्रयासहरु पनि भएका थिए । कृषिमा विकसीत भएको सुजल्याण्ड देशको मोडलमा केही हिमाली भेगहरुमा चिज फ्याट्रीहरु दुधः संकलन केन्द्रहरु सञ्चालन भएको पनि केही दशक अगाडी हामीले नै देखेका थियौ । तराईमा जापानको रेशमी खेतीको शुरुवात भएको थियो । नेपालमा कागजको उत्पादनले विदेशमा समेत निर्यात गर्ने गरेको थियो ।

देशको विउ, विजन परापूर्वकाल देखिको भन्दा हाईव्रिड स्तरको रोपेर धेरै उत्पादन गरी बिक्री समेत गरेको सम्झना केही देशक आगडीका किसानहरुले बिर्सेका छैनन् होला ।

नेपालका हरेक क्षेत्रमा आउदै गरेको चेतना, विकास, उन्नति, प्रगतिहरुले लय लिईरहेको थियो । तर नेपालका केही मानिसहरुलाई आफु सत्तामा पुग्नका लागि गरिएका छलकपटले थालेको द्वान्द्ध जाहाकी गाउँका बस्तीहरुमा कसैले अन्न उत्पादन धेरै गर्छ पसिना चुहाएर गरेको प्रगतिलाई देखेर काम गर्न अल्छी गर्नेहरुले काम गरिखानेहरु माथि सामान्तवादको पगरी गुथाएर हत्या गर्न उकास्ने मास्कवाद, माओवाद के के वादको मुखुण्डो ओडेर थालेको दाईलाई भाई मार्न उकास्ने भाईलाई दाई मार्न उकास्ने उद्योगमा मजदुर आन्दोलनको नाममा नक्कली मजदुर प्रवेश गरेर उद्योग बन्द गराउने, कर्मचारीमा गलत नियत राखेर अनियमितता गर्न उकासेर गलत कार्य गर्न लगाउने जस्ता खेलको शुरुवात त्यतिवेला राजनीतिक आवरणमा गरेका थिए । त्यतिवेवलाको असरले अहिले गाउँ-घर रित्तिएका छन् । त्यतिवेलाको असर यतिवेला देखिन थालेको छ ।

केही असर यतिवेला देखिएको छ । यसलाई यहि गतिमा छोड्ने हो भने नेपाल ईतिहाँसको देश मात्र बन्न बेर लगाउदैन ।

गर्न सकिने सम्भावना र काम

नेपालका थुप्रै जमिनहरु प्रसस्त खाली क्षेत्रहरुछन् । त्यस क्षेत्रमा ठुलो गोठको विकास, चरण क्षेत्रहरुमा वस्तु पालको विकास, हिमाल, पाहाड तराई तीन खालका भुगोलमा भुगोल अनुसारको कृषिमा गर्नुपर्ने काम भुमि नीतिको प्रष्ट नीति र प्राकृतिक सुन्दरताले भरिएका क्षेत्रमा पर्यटनको विकास, जलस्रोतको भण्डार रहेका क्षेत्रहरुमा जलविद्युतको विकास गरेर गर्न सकिने प्रसस्त स्रोतहरु नेपालमा छन् ।

यि कामहरुलाई » बाकी ६ पृष्ठमा

## बालकुमारी घटनामा मृत्यु भएका दुई युवालाई सहिद घोषणा गर्ने



**काठमाडौं–** सरकारले बालकुमारीमा प्रदर्शनको क्रममा ज्यान गुमाएका दुई युवालाई सहिद घोषणा गर्ने भएको छ । पुस १३ गते शुक्रबार ललितपुरको बालकुमारीमा प्रदर्शनको क्रममा प्रहरीको बल प्रयोग र गोली प्रहारबाट अछामका वीरेन्द्र शाह र दैलेखका सुजन राउतको ज्यान गएको थियो ।

गृह मन्त्रालयले सोमबार पीडित परिवारसँगको छलफलपछि शाह र राउतलाई सहिद घोषणा गर्ने सम्झौता गरेको हो । मन्त्रालयले शाह र राउनलाई सहिद घोषणाको प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने सहमतिमा उल्लेख छ ।

'मृतक वीरेन्द्र शाह र सुजन राउतलाई सहिद घोषणाकालागि आवश्यक कारबाहीका लागि गृह मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यथाशिघ्र अनुराधे गर्ने,' सहमतिको तेस्रो बुँदामा लेखिएको छ ।

सहमति पत्रमा गृह मन्त्रालयका उपसचिव उमाकान्त अधिकारीले हस्ताक्षर गरेका छन् ।

## राष्ट्रपतिसँग भारतका विदेशमन्त्रीको शिष्टाचार भेटवार्ता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलसँग भारतका विदेशमन्त्री एस जयशंकरले शिष्टाचार भेटवार्ता गरेका छन् । विदेशमन्त्री जयशंकरले बिहीबार बिहान राष्ट्रपति भवन शीतलनिवास पुगेर राष्ट्रपति पौडेलसँग शिष्टाचार भेटवार्ता गरेका हुन् ।


नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको बैठकमा सहभागी हुन जयशंकर आज काठमाडौं आएका हुन् । भेटका अवसरमा राष्ट्रपति पौडेलले नेपाल-भारतबीच कनेक्टिभिटी, जलवायु परिवर्तन असरको न्यूनीकरण र जलविद्युतको विकासमा सहकार्य र सहयोग आवश्यक रहेकोमा जोड दिए ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार राष्ट्रपति पौडेलले हिमाल र पानीको स्रोत बचाउने विषय साझा एजेन्डा भएकाले यसमा मिलेर गम्भीरतापूर्वक काम गर्न जरुरी रहेकोमा जोड दिए । उनले कृषि, ऊर्जा शक्ति, पर्यटनको विकास र मानव



संसाधन विकास नेपालका प्राथमिकतामा भएको र यसमा सहकार्यका लागि आग्रह गरे ।

सो अवसरमा भारतीय विदेशमन्त्री एस जयशंकरले नेपालका सम्भावनाप्रति भारत जानकार रहेको बताउँदै सबै क्षेत्रमा भारतको निरन्तर सहयोग रहने उल्लेख गरेका थिए ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २२, २०८० साल पुस २४ गते मंगलबार (Jan 09, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### राष्ट्रियसभा सदस्यको निर्वाचन छेउछाउमा देशको प्रतिष्ठा साटिनु हुदैन ।

देशमा राष्ट्रियसभा सदस्यको लागि यतिवेला राजनीतिक पार्टीहरुले बिभिन्न जोड घटाउ गरेर अभिव्याक्ति दिन थालेकाछन् । एकातिर भने अर्कोतर्फ विदेशी शक्तिहरुको पक्षपोषण गर्ने व्याक्तिहरुको लविङगमा समेत केही मानिसहरु लागिरहेको भन्ने समाचारहरु प्रकाशित हुन थालेकाछन् । विदेशी लविङको पक्षमा काम गर्ने व्याक्तिहरुलाई राष्ट्रियसभा मार्फत सदनमा ल्याउन खोज्नु भनेको सर्वभौम सत्ता सम्पन्न राष्ट्रको लागि निक्कै डरलाग्दो बिषय हो । यस्तो काम कोही कसैवाट गरिनु हुदैन ।

सत्ता आउछ जान्छ त्यसले केही फरक पर्दैन । तर प्रतिष्ठा र राष्ट्रको सर्वभौमिकता स्वतन्त्रतामा लागेको दाग भने जहिले पनि आउदा पुस्ताले कहिल्यै मेटाउन नसक्ने गरी खाटा बस्न सक्छ, त्यसकारण नेपालको संविधान २०७२ सालको ऐन नियमले दिएको स्वतन्त्रता लागु हुनुपर्छ । राष्ट्रियसभाको निर्वाचनमा हइप, गठबन्धन, पार्टी, वाद, तन्त्र भन्दा माथि उठेर स्वतन्त्र राष्ट्रका स्वभिमानी स्वनिर्णय गर्न राष्ट्रियसभामा निर्वाचित मताधिकार सदस्यहरुले आृनो स्वविवेक प्रयोग गर्न सक्नुपर्छ ।

देशको पक्षमा महत्वपूर्ण क्षणमा महत्वपूर्ण निर्णय गर्न सक्ने क्षमता राख्ने जनप्रतिनिधिहरुले मात्र देशको हित गर्न सक्छन् । त्यो अधिकार अहिलेका राष्ट्रियसभा सदस्यको लागि मतधिकार प्रयोग गर्न सक्ने प्रदेशसभाका सभासद सदस्यहरुलाई छ ।

यस्तो महत्वपूर्ण निर्णय जनतावाट निर्वाचित भएर आएका जनताको पक्षमा काम गर्छु भनेर जनतालाई प्रतिवद्धता गरेका जनप्रतिनिधिहरुले आृनो राष्ट्र, जनतालाई पहिलो प्रथामिकतामा राखेर निर्णय गर्न सक्नुर्छ ।

सही समयमा सही निर्णय गर्नसक्ने क्षमता भएको जनप्रतिनिधिहरु मात्रै सफल नेतृत्व हुन्छ । नेपालमा संघियता लागु भएपछि सफल नेतृत्व स्थापित गर्न यस्ता महत्वपूर्ण क्षणमा महत्वपूर्ण निर्णय विशेष विशेष अवस्थामा गर्न सक्ने क्षमता जनप्रतिधिहरुमा हुनुपर्छ ।

त्यस्तो उदारणीय कामहरु जनप्रतिनिधिहरुले गरेको नेपाली जनताले देख्न त पाएका छैनन् । तर यो राष्ट्रिय सभा सदस्यको लागि हुने निर्वाचनमा त्यस्तो महत्वपूर्ण निर्णय जनप्रतिनिधि भई राष्ट्रिय सभाको लागि मताधिकाकारको अधिकार प्राप्त सदस्यहरुले गर्लान् भन्ने जनताको आशा रहेको छ । त्यो जनताको चाहना, आशालाई जनतावाट नै निर्वाचित भएर महत्वपूर्ण पदीय हैशियतमा पुगेका जनप्रतिनिधिहरुले आउदो माघ ८ हुने निर्वाचनमा कसरी मतदान गर्छन त्यो हेर्न बाकी छ ।

उनिहरुले देशको हितमा हुने तर विदेशी शक्तिको पक्षमा लविङ भएका व्याक्तिहरुलाई राष्ट्रिय सभामा अस्वीकार गर्ने आशा गरिएको छ ।

# विकास आयोजनामा बढ्दो अनियमितता


सागर पण्डित

विकसित मुलुकमा विकास आयोजनाहरूको कार्यान्वयन पक्ष सशक्त हुन्छ । ती देशमा त्यस्ता आयोजनाहरू समयमा नै सकिन्छन् र त्यसले आम नागरिकलाई विषयगत प्रतिफल दिने गर्छन् । विकास आयोजनामा कुनै किसिमको झेल र गडबढी हुँदैन ।

विकसित देशका सरकारहरूले पनि विकास आयोजनाहरूलाई उच्च प्राथमिकता दिएर अघि बढाउँछन् । त्यस्ता आयोजनाको जिम्मेबारी काबिल र इमान्दार नेतृत्वलाई दिइने गरिन्छ । तर, नेपालमा भने विकास आयोजनाको अवस्था विकसित देशको भन्दा ठीक उल्टो छ ।

यहाँ विकास आयोजनाहरूको गति नै निकै सुस्त छ । आयोजनाहरूको जिम्मेवारी राजनीतिक नेतृत्वले आफ्ना आसेपासेहरूलाई दिने गरेका छन् ।

योग्यभन्दा आसेपासेको हातमा आयोजनाको जिम्मा गएपछि आयोजनाहरू अलपत्र पर्छन् र पारिन्छन् । त्यस्तै, बद्मास ठेकेदाहरूलाई कामको जिम्मा दिइन्छ अनि वर्षौंसम्म आयोजनाहरू रुग्ण पारिने गरिन्छ । राजनीतिक नेतृत्व र ठेकेदारबीच अवैध प्रकारको साँठगाँठ हुने गर्छ ।

सरकारका विकास आयोजनाहरूको कार्यान्वयन अत्यन्तै कमजोर छ । राष्ट्रिय गौरवका आयोजनाहरू भनेर केही महत्वपूर्ण आयोजनाहरू त ल्याइएको छ तर ती गौरवका आयोजनाहरू नै वर्षौंदेखि अलपत्र अवस्थामा छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले त्यस्तै गौरवका आयोजनाहरूको अनुगमन गर्नकै लागि करोडौं रुपियाँ खर्चेर एक्सन रुमको व्यवस्था गरेको भए पनि सो एक्सन रुमबाट आयोजनाहरूको नियमित अनुगमन हुन सकेको छैन ।

कहिलेकाहीँ प्रचार गर्नकै लागि एक्सन रुमबाट प्रधानमन्त्रीले अनुगमन गर्छन् र काम छिटो सम्पन्न गर्न निर्देशन दिन्छन् । यो कर्ममाण्डीबाहेक अरू केही हुन सकेको छैन ।

राष्ट्रिय गौरवका आयोजनाहरू किन यसरी अलपत्रमा छन् ? कसले अलपत्र पाऱ्यो ? त्यसको व्यापक खोजतलास गरी बदमासी गर्नेलाई ठाउँका ठाउँ कारबाही गर्ने परिपाटीको विकास नहुँदासम्म राष्ट्रिय गौरवदेखि लिएर अन्य मझौला खालका आयोजनाहरूको हविगत यस्तै हुँदै जाने देखिन्छ । अहिले अवस्था त्यस्तै छ । अधिकांश आयोजनाहरू अलपत्र हुँदा पनि कसैमाथि कुनै कारबाही गर्न सकिएको छैन ।

नेपालले हालसम्म आशातीत रूपमा विकास गर्न नसक्नुको मुख्य कारणको रूपमा विकास आयोजनाहरूमा देखिएको चरम अनियमितता र त्यसलाई समयमा नै रोक्न नसक्ने सरकारी प्रवृत्तिलाई लिन सकिन्छ ।

सरकारी अधिकारीहरूको गैरजिम्मेवारीताका कारण विकास आयोजनाको नाममा अरबौं रुपियाँ वालुवामा पानीसरह भइरहेको छ । विकास आयोजनाको अनुगमन गर्ने बहानामा उल्टो पैसा उठाउने काम गरिन्छ ।

अनुगमनमा जानेहरूले आयोजनाका टाउकेहरूसँग मोलमोलाई गरी राम्रै फाइदा लिने गरेका छन् । फाइदा लिने अनि खराबलाई पनि राम्रो भनेर प्रतिवेदन दिने सरकारी अधिकारीहरू देशविकासका अवरोधक हुन । त्यस्ता अधिकारीहरूलाई सम्बन्धित निकायले कारबाही गर्नुको साटो उल्टो संरक्षण दिने गरेको छ ।

विगतमा केन्द्रीकृत शासन प्रणालीलाई नै असफल तुल्याउने गरी विकास आयोजनाहरूमा व्यापक अनियमितता भएका थिए । अहिले संघीय लोकतान्त्रिक शासन व्यवस्थामा पनि विकास आयोजनामा हुने अनियमितता घट्नुको साटो बढेको छ ।

अहिले त झन् केन्द्र, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने विकास आयोजनाहरूमा संस्थागत भ्रष्टाचार हुने क्रम ह्वात्तै बढेको छ । यो चिन्ताकशे विषय हो ।

सरकारी अधिकारीहरू आफैंले विकास आयोजनामा हुने अरबौं भ्रष्टाचारका बारेमा कुनै खोजतलास गर्दैनन् । किनकि, त्यस्ता भ्रष्टाचारमा अधिकांश सरकारी अधिकारीहरू आफैं मुछिने गरेका छन् ।

त्यसैले यसको बारेमा गहिरो अनुगमन र छानबिन गर्ने काम अख्तियार दुरूपयोग अनुसन्धान आयोग र राष्ट्रिय सर्तकता केन्द्रजस्ता निकायले गर्नुपर्छ ।

अख्तियारले केही समयअघि देशभरका रुग्ण आयोजनाको अध्ययन गरी ती आयोजनाहरूको वास्तविक अवस्थासमेत पहिचान गरेको थियो ।

अख्तियारले रुग्ण आयोजनालाई आवश्यकता अनुसार अघि बढाउन वा खारेज गर्न सरकारलाई निर्देशनसमेत दिएको थियो तर अख्तियारको सो निर्देशनअनुसार सरकारी निकायले काम गरेको पाइँदैन । त्यसैले अख्तियारले यस सम्बन्धमा फेरि अध्ययन गरी आवश्यक कदम चाल्न जरुरी छ ।

नेपालमा विकास निर्माणको कार्यमा शुरूदेखि नै गम्भीर समस्या देखिँदै आएको छ । विकास कार्यक्रमको तर्जुमा गर्दा तथा योजना बनाउँदा प्लानिङको अवस्थामा नै गम्भीर खालका त्रुटिहरू देखिने गरेका छन् । ती त्रुटिहरू सजिलैसँग फिल्डमा पनि पुग्ने गरेका छन् ।

विकास तलबाट शुरू हुनुपर्ने मोडेलविपरीत हाम्रा विकास आयोजनाहरू केन्द्रमा नै बन्ने गरेका छन् । विकास आयोजनाहरू बनाउँदा तलदेखि माथिसम्म छलफल तथा राय सल्लाह लिएर बनाउनु भन्दामाथि कुनै पाँचतारे होटेलमा बसेर योजना बुन्ने काम गरिँदै आएको छ ।

यस्तो प्रवृत्तिको तत्काल अन्त गर्नुपर्छ । अहिले मुलुक संघीयतामा रहेको तथा प्रदेश र स्थानीय तहले पनि स्वतन्त्र रूपमा काम गरिरहेकाले ती निकायले तल्लो तहसम्म गएर छलफल गरी विकास आयोजना छनौट गर्न धेरै सहज पनि हुन सक्छ ।

त्यसैले विगतबाट पाठ सिक्दै ती निकायले वास्तविक रूपमा फिल्डमा नै गएर आवश्यकताका आधारमा योजना छनौट गर्न सक्नुपर्छ । विगतमा प्रभाव, पहुँच र भनसुनको भरमा विकासका ठुला ठुला आयोजानाहरू वनाउने प्रवृत्ति हाबी भएकाले पनि समस्या माथि समस्या थपिँदै आएको हो ।

विगतमा खानेपानीका, सिँचाइ, सडक, स्थानीय तहका वर्षेपिच्छे हुने योजनाहरू तथा विकास निर्माणहरू छनौट गर्दा राजनीतिक तहबाटै छुट्टै तथा व्यक्तिगत प्रभावका आधारमा समेत गर्ने गरियो ।

जहाँ योजना सञ्चालन गर्न लागिएको हो त्यहाँका लक्षित समुदायलाई यससम्बन्धी कुनै जानकारी नै नभई र उनीहरूसँग कुनै छलफल नै नगरी योजना सञ्चालन हुँदै आएको दुखद् अवस्था पनि छ ।

अव त्यस्तो प्रवृत्ति पूर्ण रूपले बन्द भएर जहा विकास आयोजना सञ्चालन गरिने हो त्यहाँका जनतासँग समेत आवश्यक सुझाव लिएर सो कार्यमा जनतालाई समेत सहभागिता गराउने गरी विकास आयोजनाहरूको तर्जुमा र कार्यान्वयन गर्नुपर्छ ।

हामीकहाँ विकास परियोजनालाई वैज्ञानिक रूपमा सञ्चालन र व्यवस्थापन गर्ने व्यवस्थापकीय क्षमता निकै कमजोर छ । प्राविधिक समस्या पनि त्यतिकै रूपमा छ । टेक्निकल म्यानेजमेन्ट पनि गर्ने गरिएको छैन ।

सारमा भन्नु पर्दा परियोजनालाई वास्तविक रूपमा फिल्डमा कार्यान्वयनमा लैजान सक्ने डेडिकेटेड जनशक्ति पनि हामीकहाँ छैनन् । ‘राइट म्यान इन राइट प्लेस’ पनि हुन सकेको छैन । अर्को परियोजना तथा योजनाहरूको ठेक्का व्यवस्थापनमा ठुलो समस्या छ ।

ठेक्का भनेको दुई पक्षबीचको सम्झौता हो । सम्झौताको शुरूको अवस्थामा राम्ररी सम्झौता नै नहुने गरेको दुखदायी अवस्था छ । जसले गर्दा ड्रवयङ, डिजाइन, स्पेसिफिकेसन, लागत अनुमान देखि लिएर टर्न अफ कन्डिसन जसरी राख्नुपर्ने हो त्यो राम्ररी राख्न सकिएको छैन । कार्यान्वयन पक्ष पनि अत्यन्तै फितलो छ ।

कन्ट्याक्ट गर्नुअघिको तयारी पनि राम्ररी हुन नसकेको अवस्था छ । कतिपय अवस्थामा कन्ट्याक्ट भए पछि कन्ट्याक्टअनुसार काम राम्ररी हुन सकेको छैन ।

सरकारी स्तरबाट सशक्त र प्रभावकारी अनुगमन हुन नसक्दा ठेकेदारले बीचमा नै काम छोडेर हिँडिदिने, ठेक्का तोड्नुपर्ने अवस्थासमेत आयोजनाको लागि ठूलो समस्याको रूपमा रहेको छ ।

खरिदकै क्रममा पनि ठुला ठुला खरिदमा राम्ररी व्यवस्थापन हुन सकेको छैन । समग्रतामा मुख्य समस्या भनेकै विकास योजना, कार्यक्रम र परियोजनाको राम्ररी अनुगमन, मूल्यांकन र समन्वय हुन नसकेको अवस्था छ ।

यसका लागि सरकारका झण्डै एक दर्जन निकायहरू छन् तर ती अधिकांश निकायहरू निष्प्रभावी छन् । सर्तकता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय योजना आयोगजस्ता निकायले जुन रूपमा विकास आयोजनाहरूको अनुगमन र मूल्यांकन गर्नुपर्ने हो सोअनुसार गर्न नसकेको तीतो यथार्थ छ । साथै विभिन्न मन्त्रालयमा रहेका योजना तथा अनुगमन महाशाखाहरू पनि निष्किय अवस्था रहँदा समस्या देखिँदै आएको हो ।

प्रशासनिक रूपमा विकास निर्माण र सेवा प्रवाहलाई राम्ररी अघि बढाउन सकिएको छैन भने राजनीतिक नेतृत्व पनि यो कार्यमा संवेदनशील भएर अघि बढ्न सकेको छैन ।

राजनीतिक नेतृत्व देश बनाउनभन्दा पनि कसरी हुन्छ आफ्नै स्वार्थसिद्ध गर्न र कमाउ धन्दामा नै लिप्त भएकाले पनि यस प्रकारका समस्याहरू आएका हुनभन्दा अत्युक्ति हुँदैन ।

अब सँच्चै नै वर्तमान सरकारले मुलुकमा सुशासन र आर्थिक समृद्धि चाहन्छ भने विकास आयोजनाहरू सञ्चालन गर्ने, ठेक्का लिनेहरूले समयमा काम सम्पन्न नगरेमा उनीहरूमाथि कठोर कदम चाल्नै पर्छ ।

समयमा काम सम्पन्न नगर्नेहरूलाई अनिवार्य रूपमा कारबाही हुने प्रणालीको विकास गर्नुपर्छ । अबका दिनमा विकास आयोजनामा अरबौं दुरूपयोग हुने अवस्था आउन नदिन सचेत भएर लाग्नुको विकल्प छैन ।

# पत्रकारीता क्षेत्रमा युवा पुस्तालाई आउन आग्रह : साहित्यकार के.सी



*जन आकाश मिडिया प्रा.लि ले निर्माण गरेको सङ्गीत खबर कार्यक्रमले विभिन्न स्तरका अग्रज देखि नव प्रतिभा व्यक्तित्वहरूलाई स्थान दिँदै आएको छ । लुकेका प्रतिभालाई प्रस्फुटन गर्ने अग्रजलाई सम्मान दिने सङ्गीत खबर कार्यक्रम हरेक हप्ताको बुधबार जन आकाश मिडियाको युट्युब च्यानल जन आकाश टिभीबाट प्रशारण हुँदै आएको छ । भने प्रतिभा र स्थान नपाएका नव प्रतिभासँग गीत सङ्गीत सम्बन्धी गरेको भलाकुसारीलाई हरेक हप्ताको मंलवार बजारमा सार्वजनिक हुने जन आकाश पत्रिकामा समेत सम्प्रेषण हुँदै आएको छ ।*

*पुराना गायक तथा साहित्यकार राजेशमान केसी जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रमको कुराकानीमा जोडिएकाछन् ।*

**अहिले साहित्य क्षेत्रको अवस्था कस्तो छ । तपाईँले कस्ता खालका साहित्य सिर्जना गर्नु भएको छ ?**

मेरो क्षेत्र त निबन्ध सम्बन्धि हो तर "मैले कविता गीतहरू पनि लेखेको छु । कविता गीत सम्बन्धी दुइटा किताब पनि लेखेर प्रकाशित गरेको छु । साथसाथै निवन्धहरुको संग्रह दुइटा म वैज्ञानिक संस्थामा कार्यरत भएको कारणले बैज्ञानिकको जिवनी समेटेर एउटा पुस्तक पनि प्रकाशित गरेको छु । जम्मा सबै गरेर मैले पाँच ओटा पुस्तक प्रकाशित गरिसकेको छु । साहित्य क्षेत्र भनेको व्यवसायी गरेर पैसा कमाउने क्षेत्र त होइन यो आत्म सन्तुष्टि समाज सेवाको लागि गरिने काम हो । सबै काम पैसाकै लागि पनि गरिदैन् । म यो क्षेत्रबाट सन्तुष्ट छु ।"

**यति मिठास शब्दका साहित्य कसरी कल्पना गर्नुहुन्छ ?**

साहित्य भनेको आफ्नो बिचार, आफ्नो भावना, कलात्मक तरिकाले अभिव्यक्त गर्नु नै साहित्य हो । तर आफूले अभिव्यक्त गरेको कुरा समाजको लागि उपयुक्त हुनपर्छ । मैलै गीत साहित्य लेख्दा समाजका सकरात्मक बिचारलाई प्रेरणा जगाउने हिसाबले लेख्छु ।

**साहित्य क्षेत्रमा कलम चलाएर जीवन चलाउन कतिको सजिलो छ ?**

साहित्य क्षेत्रमा कलम चलाएर जीवन चलाउन त गारो नै छ । हामीले जीवन चलाउन आर्को पेसा अपनाउनै पर्छ । अरू पेसामा लगाएर बाचेको समय साहित्य क्षेत्रमा लगायौ भने समाजको लागि केही गर्न सक्छौ समाजको लागि पनि केही गर्नू पर्छ खाली पैसा कमाउनु नै ठुलो कुरा हैन । म साहित्य पेसाबाट एकदमै खुसी छु ।

**भोलिको दिनमा कस्ता खालका साहित्य कृति सिर्जना गर्ने सोचमा हुनुहुन्छ ?**

समाजमा धेरै निराश जनक कुराहरू पनि दिनुहुँदैन । समाजमा केही उत्प्रेरणा दिने विशेष गरी त युवाहरूलाई प्रेरणा गर्ने नेपालमै केही गर्नुपर्छ । मेहनत गऱ्यो भने हाम्रै देशमै केही गर्न सकिन्छ र साशन व्यावस्थामा रहेका सम्बन्धित व्याक्तिहले पनि देशको हितमा काम गरुण भन्ने उदेश्य राखेर सुझाव सहितको साहित्यलाई बढी ध्यान दिने गरेको छु । भन्ने अहिलेका युवा पुस्तालाई शन्देश दिने कृतिहरू आगामी दिनमा म बजारमा प्रकाशित गर्छु । मेरा साहित्यले समाजमा सकारात्मक सन्देश जाओस भन्ने धारणा रार्ख्दछु ।

**गीत सङ्गीत भनेको के हो जस्तो लाग्छ तपाईँलाई ?**

मेरो बिचारमा गीत सङ्गीत भनेको 'आफ्नो अनुभूति' 'आफ्नो भावना' आफ्नो बिचारलाई कलात्मक रूपमा अभिव्यक्त गर्नुलाई नै गीत सङ्गीत हो भन्ने लाग्छ । आफ्नो कलालाई आफ्नो तरिकाले प्रस्फुटन गर्न सकिन्छ ।

**आफैमा सञ्चार कर्मी हुनुहुन्छ । पत्रकारिता क्षेत्रको अवस्था कस्तो छ पछिल्लो समय ?**

पत्रकारिता क्षेत्र चुनौतीपूर्ण काम हो । "काम धेरै माम थोरै भन्छन् । कतिपय ठुला मिडिया हाउसमा राम्रै पनि होला । तर साना मिडियाहरुको अवस्था हेर्ने हो भने दयानिय अवस्था छ । पत्रकारिताको काम चौनौतिपूर्ण काम हुन्छ । मेनहत गनुपर्छ । नहुने भन्ने हुदैन् निरास हुनुहुदैन्"

**पत्रकारिता क्षेत्रमा भविष्य बनाउँछु भनेर आउने युवा पुस्ताको लागि के भन्न चाहनुहुन्छ ?**

पत्रकारिता पेसा भनेको एउटा सेवा मूलक काम हो । यो पेशाले समाजमा भएका विकृति , विसङ्गति नराम्रा कामलाई बाहिर ल्याउने काम गर्छ । राम्रा कामलाई सबै माझ पुयाउँछ । यो पेसालाई निरन्तरता दिनुपर्छ । आउनुस् यो पेसा एकदमै राम्रो छ । धेरै सम्पत्ति कमाउन नसके पनि नाम कमाउन सकिन्छ हामीले पत्रकारिता क्षेत्रको संरक्षण गर्नुपर्छ । पत्रकारिता क्षेत्रमा युवा पुस्ता आउन जरुरी छ । आउनुस् अघि बढ्नुस् हाम्रो साथ सपोट तपाईँहरूलाई मिल्ने छ । भन्दै चर्चित साहित्यकार राजेशमान के.सी जन आकाश मिडियाले निर्माण गरेको सङ्गीत खबर कार्यक्रममा बताउँछन् ।

# नेपाल इन्जिनियरिङ कलेजमा हल्ट प्राइजको नयाँ संस्करण जारी




**काठमाडौं–** नेपाल इन्जिनियरिङ कलेजमा विद्यार्थीहरूको लागि नोबेल पुरस्कारका रूपमा परिचित हल्ट प्राइजको नयाँ संस्करण सुरू भएको छ । विद्यार्थीहरूलाई रचनात्मक र सामाजिक उद्यमहरू विकास गर्न प्रोत्साहित गर्ने हल्ट प्राइजको यो संस्करणमा सहभागीहरूले आ-आफ्ना प्रस्तुतिहरू दिइरहेका छन् ।

नेक हल्ट प्राइजका क्याम्पस निर्देशक सुवास खनालका अनुसार अक्टोबर १२ मा समिति सदस्यहरुसँग ग्रूमिङ र परिचयात्मक सत्रको आयोजना गरिएको थियो । जहाँ आयोजक समिति सदस्यहरुलाई हल्ट प्राइजको बारे परिचय र समिति सदस्यको रूपमा आफ्नो भुमिका बारे जानकारी दिइएको थियो ।

गत नोभेम्बर ९ मा प्रेरणादायी र सशक्तिकरण द हल्ट प्राइज कम्युनिटी नामक प्रेरक सत्रको आयोजना गरिएकोमा नेकका विद्यार्थी कल्याण मशाशाखाका प्रमुख एशोसिएट प्राध्यापक सचिन श्रेष्ठले हल्ट प्राइजमा नेकको यात्रा र नेकको प्रभाव बारे जानकारी दिएका थिए । सो क्रममा सहभागीहरूले हल्ट प्राइज २०१८र०१९ का क्षेत्रीय फाइनलिस्ट संयोग उपाध्यायको हल्ट यात्राको बारेमा बुझ्ने मौका पनि पाए ।

त्यस्तै नोभेम्बर २९ मा प्रतिष्पर्धीहरूको परिचयात्मक सत्र चलाइएकोमा सोहि सत्रमा सहभागीहरूलाई हल्ट पुरस्कारको बारेमा अभिमुखीकरण दिइएको थियो । सहभागीहरूलाई कलेजको हल्ट प्राइजकी पूर्व निर्देशक तानिया लामिछानेले हल्ट प्राइज २०२३ को विषयवस्तु बारे जानकारी दिइन् ।

६ डिसेम्बरमा 'द आर्ट इज पिचिङ' नामक सत्रको आयोजना गरिएको र सत्रका अतिथि वक्ता अमरेश शाह थिए । उक्त सत्रमा सहभागीहरूले प्रस्तुत गर्ने विषयवस्तुहरूलाई कसरी आकर्षक ढंगले प्रस्तुत गर्न सकिन्छ भन्ने सञ्चार प्रविधिहरूबारे छलफल गरिएको थियो ।

यस्तै, १५ डिसेम्बरमा झ्मग झ्थचष्झ क्ष्लमष्ब सँगको सहकार्यमा उद्यम कार्यशाला आयोजना गरिएको थियो । सत्रका अतिथि वक्ता अक्षयकीर्ति विजय थिए । उनी भारतका प्रख्यात सिरियल उद्यमी हुन् । उनीसँग प्रशिक्षण, कोचिङ, सेल्स र बीपीओ सञ्चालनमा १७ वर्षभन्दा बढी अनुभव छ ।

नेक हल्ट प्राइजमा अन्य विभिन्न सत्रहरू अझै बाँकी रहेको क्याम्पस निर्देशक सुवास खनालले बताएका छन् । खनालका अनुसार नेक हल्ट प्राइजमा उद्यमीहरूसँग कुराकानी, व्यवसाय प्रस्ताव लेखन र अन्य सत्रहरू सञ्चालन गर्न बाँकी रहेको छ । प्रतियोगिताले युवा विद्यार्थीहरूमा रहेको नविनतम सोच, खोज र आइडियालाई प्रस्फुटन गराउन र इन्टरनेशनल एक्सपोज प्राप्त गर्न टेवा दिइरहेको छ ।

नेकमा भइरहेको प्रतियोगितामा विद्यार्थीहरुले दिगो विकास लक्ष्यहरूसँग मिल्दोजुल्दो र समाजमा सकारात्मक प्रभाव पार्ने विषयहरूलाई प्रस्तुत गर्नेछन् । हल्ट प्राइज नेक क्याम्पस निर्देशक खनालका अनुसार कलेज स्तरीय प्रतियोगिताका विजेताले भारतको मुम्बईमा हुने एसिया रिजनल प्रतियोगितामा भाग लिनेछन् । त्यहाँ उत्कृष्ट भए ग्लोवल प्रतिष्पर्धामा भाग लिँदै उत्कृष्ट हुनेले एक मिलियन डलर बराबरको पुरस्कार प्राप्त गर्न सक्नेछन् ।

# रामेछाप डायरी

## दिप बहादुर कार्की स्मृति प्रतिष्ठानद्धारा विद्यार्थीलाई न्यानो कपडा तथा पुस्तक वितरण




दिप बहादुर कार्की स्मृति प्रतिष्ठान रामेछापले विद्यार्थीलाई न्यानो कपडा र विद्यालयलाई विभिन्न पुस्तकहरु वितरण गरेको छ ।

आइतबार (आज) रामेछाप नगरपालिका वडा नं ७ सिम्लेमा रहेको सेतीदेवी आधारभूत विद्यालय र मुगानमा रहेको सिद्धेश्वर आघारभूत विद्यालयका विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको हो ।

सेतीदेवी आधारभूत विद्यालयका २६ जना र सिद्धेश्वर आघारभूत विद्यालयका २५ जना विद्यार्थीलाई ट्र्याक सुट र मोजा वितरण गरिएको दिप बहादुर कार्की स्मृति प्रतिष्ठानका उपाध्यक्ष नारायण कार्कीले जानकारी दिनुभयो ।

साथै गौरीशंकर माविको पुस्तकालयका लागी करिब २ लाखको विभिन्न पुस्तकहरु उपलब्ध गराइएको उपाध्यक्ष कार्कीले बताउनुभयो । रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपानेले उक्त पुस्तकहरु विद्यालयलाई हस्तान्तरण गर्नुभयो । पुस्तक हस्तान्तरण गर्दै नगर प्रमुख न्यौपानेले ति पुस्तकहरु पढेर धेरैभन्दा धेरै ज्ञान लिन विद्यार्थी तथा शिक्षकहरुलाई आग्रह गर्नुभयो ।

दिप बहादुर कार्की स्मृति प्रतिष्ठानका अध्यक्ष कमल विक्रम कार्कीले आर्थिक अवस्था कमजोर भएका गरिब तथा विपन्न परिवारका २ जना बालबालिकालाई निशुल्क पढने व्यवस्था मिलाइएको बताउनुभयो । गौरीशंकर माविमा आफुहरुको सहयोगमा २ जना विद्यार्थीले निशुल्क पढदै आएको उहाँले बताउनुभयो ।

## रामेछापमा जुनार उत्पादन बढ्यो तर बजारको समस्या



रामेछापमा यस वर्ष जुनार उत्पादन बढेको छ । रामेछाप जुनारका लागि प्रसिद्ध जिल्ला हो । यस वर्ष रामेछापबाट २० करोड रुपैयाँको जुनारको कारोबार हुने अनुमान गरिएको छ । ओखेनी, गाईटार, सुकाजोर, रामपुर, हिमगङ्गालगायत ठाउँका किसानका बगैँचा जुनारले पँहेलपुर बनेका छन् ।

जुनार किन्न र बगैँचा घुम्न आउने बढेका छन् । पोहोर परार जुनारमा रोग किरा देखिएका कारण उत्पादन घटेको थियो । तर यस वर्ष प्रधानमन्त्री आधुनिकिकरण परियोजनाको जुनार जोन कार्यक्रम मार्फत रोग किरा नियन्त्रण भएपछि यस वर्ष उत्पादन बढेको छ । किसानले जुनार बगैँचाबाटै किलोको ५० देखि ६० रुपैयाँमा बिक्रि गरिरहेका छन् ।

सरकारले बजारको खोजी गर्न सहयोग गरे थप मूल्य पाउन सकिने किसान परशुराम तामाङले बताउनुभयो । रामेछापमा जुनार उत्पादन बढाउन र थप बजार खोजी गर्न नर्सरी व्यवस्थापनदेखि जुनारको बजारीकरणसम्मको काम भइरहेको सरकारको भनाइ छ । रामेछापमा उत्पादित जुनारको ब्रान्डिङ, लेभलिङ र प्याकेजिङ गरी गुणस्तरीय जुनार बजार पठाउने तयारी भइरहेको प्रधानमन्त्री आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ रामेछापका प्रमुख थिरलाल गैरेले बताउनुभयो ।

रामेछापमा ९ सय हेक्टरभन्दा बढी क्षेत्रमा जुनार खेती गरिएको छ । यस वर्ष करिब ४५ सय मेट्रिक टन जुनार उत्पादन हुने अनुमान गरिएको छ । जसबाट करिब २० करोडको कारोबार हुने छ । रसिलो र स्वादिलो जुनारले रामेछापलाई चिनाएको मात्र छैन आर्थिक रुपमा पनि सम्बृद्ध बनाउनसमेत सघाइरहेको छ ।

## जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डको मार्च पासमा रामेछाप नगरपालिका प्रथम

रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकाको केन्द्र प्रितीमा शुक्रवारदेखि ११ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता जारी छ । प्रतियोगिताको उद्धघाटन राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टंकलाल घिसिङले गर्नुभयो ।

प्रतियोगिताको उद्धघाटनको क्रममा प्रदर्शन गरिएको मार्च पासमा रामेछाप नगरपालिका प्रथम भएको छ । मार्च पासमा उमाकुण्ड गाउँपालिका दोश्रो भएको छ भने मन्थली नगरपालिका तेश्रो भएको रामेछाप नगरपालिकाका खेल संयोजक टिकाराम मगरले जानकारी दिनुभयो ।

प्रतियोगितामा जिल्लाका आठ वटा स्थानीय तहको सहभागिता रहेको छ । विभिन्न विद्यालयका ८ सय भन्दा बढी विद्यार्थीहरुले विभिन्न विद्याका खेलमा प्रतिस्पर्धा गर्नेछन ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २२, २०८० साल पुस २४ गते मंगलबार (Jan 09, 2024)

# आइएमईद्वारा सातै प्रदेशमा रेमिटेन्स साक्षरता कार्यक्रम सम्पन्न




**काठमाडौं–** नेपालको नेतृत्वदायी रेमिटेन्स सेवा प्रदायक कम्पनी आइएमईले सातै प्रदेशमा रेमिटेन्स साक्षरता सम्बन्धि कार्यक्रम सम्पन्न गरेको छ ।

गत मंसिर २०८० बाट सातै प्रदेशमा सन्चालन गरिएको उक्त कार्यक्रममा प्रत्येक प्रदेश अन्तर्गतका व्यवसायिक साझेदार मित्रहरुको उत्साहपूर्वक उपस्थित रहेको थियो । उक्त साक्षरता सम्बन्धि कार्यक्रममा सुरक्षित माध्यमबाट रेमिटेन्स र यसको प्रयोग बिषयमा केन्द्रित रहेर रेमिटेन्स मार्फत प्राप्त भएको रकम सुरक्षित रूपमा कसरि हस्तान्तरण गर्ने , रेमिटेन्स गरि रकम पठाउने तथा प्राप्त गर्ने ग्राहकले बिशेषगरि के कुरामा ध्यान पुराउने तथा रेमिटेन्सको डिजिटल प्रगोग सम्बन्धि बिषयमा रहेर प्रशिक्षण सम्पन्न गरिएको हो ।

आफ्नो स्थापनादेखि नै रेमिटेन्स सेवालाई प्रत्येक नेपालीको पहुँचसम्म पुऱ्याउन प्रतिबद्ध आइएमईले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका सेवाग्राहीहरु तथा स्वदेशमै दुख गरि कमाएको रकमको सुरक्षाको उद्देश्यका साथ सो कार्यक्रम सम्पन्न गरिएको हो ।

# प्रभु क्यापिटल र सिद्धार्थ बिजनेश ग्रुप अफ हस्पिटयालिटीबीच छूट सम्झौता




**काठमाडौं–** प्रभु क्यापिटल लिमिटेडले सिद्धार्थ बिजनेश ग्रुप अफ हस्पिटयालिटीसंग आफ्ना हितग्राहीलाई सेवामा छूट दिन व्यवसायिक समझौता गरेको छ ।

मिति १८ पौष २०८० गते बुधबार गरिएको उक्त समझौता २ वर्षका लागि लागू हुनेछ । सो सम्झौता पत्रमा क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृत आशिष गौचनले तथा सिद्धार्थ बिजनेश ग्रुप अफ हस्पिटालिटीको तर्फबाट कर्पोरेट सेल्स एण्ड मार्केटिङ्ग म्यानेजर नृपेश श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

सम्झौता बमोजिम सिद्धार्थ बिजनेश ग्रुप अन्तर्गतको होटेल, रेर्सोट, रेष्टुरेन्ट तथा कैफे आदिमा सेवा लिदा प्रभु क्यापिटलका हितग्राही ग्राहक महानुभावहरुले खाना तथा पेर्य पदार्थमा १० प्रतिशत तथा रुम बुकिङ्गमा २० % छुट अफर पाउने भएका छन् ।

प्रभु क्यापिटलका ग्राहकले आफ्नो डिम्याट कर्न्फमेशन तथा परिचय पत्र देखाई देखाउनु पर्नेछ । कम्पनीले हितग्राही (डिम्याट) खाता खोल्ने सुविधा प्रभु क्यापिटल, कमलादी तथा प्रभु बैंकको जुनसुकै शाखाहरुबाट पनि उपलब्ध रहेको बताएको छ ।

सिद्धार्थ ग्रुपले नेपालको विभिन्न जिल्लाहरुमा हस्पिटयालिटी सेवाहरु दिदै आएको छ जसमा हाल १४ होटेल तथा रेर्सोट, ४ रेष्टुरेन्ट रहेको छ तथा २ कैफ गरी २० स्थानबाट सेवा दिदै आएको छ जसमा सिद्धार्थ बुटिक होटल बौद्ध, सिद्धार्थ कटेज रेष्टुरेन्ट तीनकुने, कैफे सुविधानगर, तीनकुने, सिद्धार्थ कटेज रेष्टुरेन्ट धोबीघाट, सिद्धार्थ फुडल्यान्ड पुरानो बानेश्वर, सिद्धार्थ कटेज एण्ड होटेल बुटवल, सिद्धार्थ भिलासा भैरहवा, सिद्धार्थ होटल ग्रीन लुम्बिनी, सिद्धार्थ भिलासा चितवन, रिभर साइड रिसोर्ट चुम्लिङ्गटार, चितवन, सिद्धार्थ लुम्बिनी ग्रीन रिर्सोट चन्द्रौटा, सिद्धार्थ नेपालगन्ज, कटेज रेष्टुरेन्ट नेपालगन्ज, क् कैफे नेपालगन्ज, सिद्धार्थ होटल टीकापुर, कैलाली, सिद्धार्थ रिसोर्ट चिसापानी, कैलाली, सिद्धार्थ होटल ग्रान्ड सिटी बिर्तामोड, सिद्धार्थ होटल न्यू आनन्द महेन्द्रनगर, सिद्धार्थ सन्नी रिसोर्ट सुर्खेत, सिद्धार्थ होटल वाटर टावर नुवाकोट आदि रहेका छन्भने आउटलेट अझ थपिने क्रम जारी छ ।

प्रभु क्यापिटल लिमिटेड मर्चेन्ट बैंकमा अग्रणी क्यापिटल हो जसले समयानुसारको प्रविधि अपनाउँदै आफ्ना ग्राहकहरुलाई प्रभावकारी रुपमा मर्चेन्ट बैकिङ्ग सेवा दिनुका अतिरिक्त समय समयमा यस्ता व्यवसायिक समझौता गरी यस्ता छूट तथा अफर सुबिधा माफएत ग्राहकलाई थप सन्तुष्टि दिन समेत अग्रसर रहेको देखिन्छ ।

# "एक्सेल एण्ड इलिभेट"भन्ने नाराका साथ नेशनल लाईफ इन्स्योरेन्सको इम्प्लोइ स्कील इनह्यान्समेण्ट वर्कशप सम्पन्न



**काठमाडौं ।** "एक्सेल एण्डइलिभेट" २०८०/८१" नाराका साथ नेशनललाईफ इन्स्योरेन्स कम्पनीलि. ले ३ दिने "इम्प्लोइ स्कीलइन ह्यान्समेण्ट वर्कशप"चितवन स्थित होटल सोल्टी वेस्टेण्डमा सम्पन्न गरेको छ ।

कम्पनीमा कार्यरत प्रशासनिक कर्मचारीको दक्षता अभिवृद्धि गर्ने उदेश्यले सम्पन्न गरिएको उक्त कार्यक्रममा जीवन बीमा व्यवसायसंग सम्वन्धित विभिन्न वर्तमान पाटो बारे विवेचना गरी आगामी बर्षको लागि तय भएको व्यवसायिक लक्ष्य र रणनीतिसंग प्रशिक्षित गराउने उदेश्यले कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीको सभापतित्वमा सम्मेलन आयोजना गरिएको थियो ।

विभागिय प्रमुख तथा देशै भरीबाट प्रशासनिक कर्मचारीहरु गरी २०० जनाभन्दा बढिको सहभागिता भएको उक्त तालिम कार्यक्रमको समुद्घाटन गर्नु हुँदै प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले बीमा व्यवसाय प्रतिष्पर्धात्मक र जटिल हुँदै गैरहेको वर्तमान स्थितीमा आफ्नो दक्षता, मेहनत र आपसी समन्वयबाट कम्पनीको व्यवसायिक लक्ष्य हासील गरी बीमा बजारमा अग्र स्थानमा पुऱ्याउन मार्केटिङ कर्मचारीहरुको जत्तिकै भुमिका प्रशासनिक कर्मचारीहरुको पनि हुने भएकोले सबैले आ- आफ्नो जिम्मेवारी वहन गर्दै अधिकतम प्रयास गर्नु पर्ने बताए ।

साथै दक्ष कर्मचारीहरुबाट नै उत्कृष्ट परिणाम प्राप्त गर्न सकिने भएकोले कम्पनीले कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि लगानी गर्दै जाने प्रतिवद्धत्ता जनाए । कार्यक्रममा सहभागि कर्मचारीहरुलाई चर्चित मोटिभेसनल स्पीकर मानसीअ ग्रवालले मोटिभेसन तथा स्कील डेभलपमेण्ट सम्वन्धमा प्रशिक्षण प्रदान गर्नु हुँदै सबै कर्मचारीहरु कमपनीको ब्राण्ड एम्वेसडर रहेको र कम्पनीको प्रवर्द्धनमा सबै जिम्मेवार हुनुपर्ने तर्फ सचेत रहन आग्रह गरे ।

सो अवसरमा कम्पनीको प्रशासनिक कार्यहरु सम्पन्न गर्ने क्रममा विभिन्न समस्याहरुको पहिचान गरी सहजिकरण गर्ने उदेश्यले विभागिय प्रमुखहरु र प्रशासनिक कर्मचारीहरु बिच अर्न्तक्रिया कार्यक्रम पनि सम्पन्न गरिएको थियो ।

# नेपाल टेलिकम र एनआईटीभी नेपालबीच सम्झौता



**काठमाडौं–** नेपाल टेलिकमको बजार व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन नेपाल टेलिकम र एनआईटीभी नेपाल लिमिटेडबीच  एक सम्झौता सम्पन्न भएको छ ।

नेपाल टेलिकमका सेवालाई सेवाग्राही समक्ष प्रभावकारी रुपमा पुऱ्याउन आवश्यक डिजिटल मार्केटिङ कार्यमा सघाउ पुऱ्याउनका लागि एनआईटीभी नेपालले आवश्यक भूमिका निर्वाह गर्नेछ । दुवै पक्षबिच कम्पनीसँग सम्बन्धित विभिन्न प्रकारका समाजिक सञ्जाल र अन्य अनलाइन माध्यमको प्रयोग गरी सेवाग्राही समक्ष अन्तरक्रिया गर्ने र गुणस्तरीय सेवा उपलब्ध गराउने कार्यमा सहकार्य हुनेछ ।

बिहीबार २०८० पुस १९ गते यस सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको छ । सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र एनआईटीभी नेपालको तर्फबाट कार्यकारी निर्देशक राजेन्द्र प्रसाद पौडेलले हस्ताक्षर गरेका हुन् ।

आगामी दिनमा कम्पनीका विभिन्न प्रकारका सेवा वारेमा अझ धेरै सेवाग्राही समक्ष जानकारी प्रदान गर्न र थप गुणस्तरीय सेवा पुऱ्याउने कार्यमा डिजिटल मार्केटिङको नयाँ टिमले महत्वपूर्ण नतिजा हासिल गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

यसबाट सामाजिक सञ्जाल तथा अन्य डिजिटल प्लेटफर्म मार्फत सेवाग्राहीसँग अन्तरक्रिया गर्ने कम्पनीको उद्देश्य प्राप्तिमा समेत मद्दत पुग्ने छ ।

## अर्थ संसार

# एन आई सी एशिया बैंकद्वारा पुस्तकालय भवन निर्माण



**काठमाडौं–** 'बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि'भन्ने नाराका साथ उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आइरहेको एन आई सी एशिया बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लास्थित जोशीपुर गाउँपालिका-१ मा अवस्थित मोहन्याल माध्यमिक विद्यालय वडहरियामा पुस्तकालय भवन निर्माण सम्पन्न गरेको छ ।

बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मुलुकका सातै वटा प्रदेशमा विभिन्न विद्यालयहरु छनौट गरी पुस्तकालय भवन निर्माण गर्ने उद्देश्यका साथ अगाडि बढ्ने क्रममा सुदूरपश्चिम प्रदेशमा यस बैंकले विद्यालय र गाउँपालिका कार्यालयसँगको सहकार्यमा उक्त पुस्तकालय भवन निर्माण सम्पन्न गरेको हो ।

यस नव निर्मित पुस्तकालय भवनबाट विद्यालयमा अध्ययनरत एक हजारभन्दा बढी विद्यार्थीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् । उक्त पुस्तकालय भवन जोशीपुर गाउँपालिकाका अध्यक्ष चित्रबहादुर चौधरी विद्यालयका प्रधानाध्यापक देबेन्द्र प्रसाद शाह बैंकका प्रादेशिक प्रमुख सुवास जोशी तथा जोशीपुर शाखा प्रबन्धक उजिर सिंह भण्डारी लगायत स्थानीय निकाय एवं विद्यालयका पदाधीकारीहरुको उपस्थितिमा समुद्घाटन भयो ।

यस भवन निर्माण पश्चात् विद्यालयमा व्यवस्थित पुस्तकालय स्थापना गरी त्यहाँबट विद्यार्थीहरुलाई पुस्तक पढ्न र अन्यशैक्षिक सिकाइका सामग्रीहरुमा सहज पहुँचभई विद्यार्थीहरुको शैक्षिक प्रदर्शन एवं व्यक्तित्व विकासमा ठोस टेवा पुग्ने बैंकले विश्वास लिएको छ ।

एन आई सी एशिया बैंक मुलुकमा सबैभन्दा धेरै बैंकिङ्ग सञ्जालहरू भएको बैंकहरू मध्येको बैंक हो । यस बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ६७० एटिएम, १११ वटा विस्तारित काउन्टर एवं ५५ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ ।

देशको कुल जनसंख्या मध्ये २० वर्षदेखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५ प्रतिशत जनतालाई सेवादिन यस बैंक सफल भएको छ । देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै स्थापना कालदेखि हाल सम्ममा प्रत्यक्ष र अप्रत्यक्ष गरी कुल रू. २३ अर्ब ५८ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरेको र गत आर्थिक वर्षमा रू.३ अर्ब ६६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई बुझाउन बैंक सफल भएको छ ।

वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ ।

# ग्लोबल आइएमई बैंकको १७ औँ वार्षिकोत्सवका अवसरमा वृहत् रक्तदान कार्यक्रम आयोजना




काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १७ औँ वार्षिकोत्सवको उपलक्ष्यमा देशव्यापीरुपमा वृहत रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

ग्लोबल आइएमई बैंक पौष १७ गते मंगलबारदेखि स्थापनाको १७ वर्ष पुरा गरी १८ औं वर्षमा प्रवेश गरेको छ । यही अवसरमा बैंकले मंगलबार नै देशका सातवटै प्रदेशमा एकै साथ रक्तदान कार्यक्रमको साथ-साथै निशुल्क आँखा जाँच, रक्त चाप तथा मधुमेह परिक्षण आयोजना गरेको हो ।

यस कार्यक्रम अन्तर्गत, कोशी प्रदेशमा सुनसरीको इटहरी शाखा, मधेश प्रदेशमा सिरहाको गोलबजार शाखा, बाग्मती प्रदेशमा काठमाडौंको कान्तिपथ शाखा तथा चितवन नारायणगढ शाखा, गण्डकी प्रदेशमा कास्कीको पोखरा न्यूरोड शाखा,लुम्बिनी प्रदेशमा रुपन्देहीको बुटवल मिलनचोक शाखा तथा दाङको नेपालगंज शाखा, कर्णाली प्रदेशमा सुर्खेतको विरेन्द्रनगर सुर्खेत शाखार सुदूरपश्चिम प्रदेशमा कैलालीको धनगढी शाखामा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

देशभर आयोजित कार्यक्रममा ९२७ रक्तदाताहरुबाट ४३९ लिटर रगत दान गरिएको छ । यसैगरि निशुल्क रुपमा ७८३ जनाको आँखा जाँच गरिनुका साथै १०४८ जनाको रक्त चाप तथा मधुमेहको परिक्षण एव्म परामर्श पनि प्रदान गरिएको छ ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई मध्यनजर गरी यस्ता समाज उपयोगी कार्यहरु मार्फत आम जनमानसलाई प्रत्यक्षरुपमा लावान्भित गर्दै आएको छ ।

# नश्ल सुधारका लागि सोलुको याक मुस्ताङका किसानलाई वितरण



**म्याग्दी–** नश्ल सुधारका लागि मुस्ताङका किसानलाई याक वितरण गरिएको छ । गण्डकी प्रदेशको कृषि तथा भूमि व्यवस्था मन्त्रालयअन्तर्गतको पशु तथा मत्स्य विकास निर्देशनालयले १० याक वितरण गरेको हो ।

सोलुखुम्बुको स्याङबोचेमा रहेको याक आनुवांशिक स्रोत केन्द्रबाट खरिद गरेर ल्याइएका याक मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसीले मङ्गलबार पोखरामा भएको कार्यक्रममा मुस्ताङका प्रदेशसभा सदस्य विकल शेरचन र नाम्दु गुरुङलाई हस्तान्तरण गरेका थिए ।


कृषि तथा भूमि व्यवस्थामन्त्री जिसीका निजी सचिव डिल्लीराम रेग्मीले सोलुखुम्बुबाट ल्याइएका १९ मध्ये नौ मनाङका किसान समूह र समितिलाई दिइने जानकारी दिए । 'एकै ठाउँको याकबाट धेरै वर्ष प्रजनन क्रिया हुँदा हाडनाताको समस्या हुने भएकाले सोलुखुम्बुबाट ल्याएर चौंरीपालक किसान, समूह र सहकारीलाई वितरण गरिएको हो', उनले भने, 'नश्ल सुधार भई चौंरीपालक किसानलाई लाभ पुग्ने अपेक्षा गरेका छौं ।'

मुख्यमन्त्री पाण्डेले उन्नत जातको याकबाट नश्ल सुधारमा मद्दत पुग्ने र हिमाली क्षेत्रका किसानलाई फाइदा हुने बताए । गण्डकी प्रदेशको मुस्ताङ र मनाङमा व्यावसायिक चौंरीपालन हुने गरेको छ । म्याग्दी र कास्कीको लेकाली क्षेत्रमा पनि चौंरीपालन गरिएको छ ।

यातायात सुविधा नभएको ठाउँमा याकलाई भारी बोकाउन र मासुका लागि प्रयोग गरिन्छ । चौंरीको दूध, घिउ र छुर्पी बिक्री हुन्छ। याक चौंरीको आलो रगत निकालेरसमेत बिक्री गरिन्छ । मुस्ताङ र म्याग्दीमा साउन र चैतमा चौंरीको रगत पिउने मेला लाग्छ। धार्मिक कार्यमा प्रयोग हुने याकचौंरीको पुच्छर महँगो मूल्यमा बिक्री हुन्छ ।

मुस्ताङमा झण्डै चार हजार याकचौंरी रहेको हिमालयन चौरीपालन तथा संरक्षण समितिले जनाएको छ। थासाङ गाउँपालिकामा २२ घरधुरीले व्यावसायिकरूपमा एक हजार पाँच सयभन्दा बढी याकचौंरी पालेका छन् । घरपझोङ गाउँपालिकाको मार्फा, स्याङ र जोमसोम गरी आठ घरधुरीले करिब पाँच सय याकचौंरी पालेका छन् ।

# मेलम्ची खानेपानी मर्मतको काम अन्तिम चरणमा



**सिन्धुपाल्चोक–** मेलम्ची खानेपानी आयोजना मर्मतको काम ७० प्रतिशत सम्पन्न भएको छ । बाढीले ध्वस्त बनाएको संरचनामा अहिले पुनः पानी पथान्तरणका लागि काम भइरहेको छ । बुधबार हेलम्बु-१ अम्बाथानस्थित मुहानस्थलमा अवलोकनका लागि पुगेका प्रतिनिधिमण्डललाई त्यहाँ भइरहेको कामबारे जानकारी गराउँदै आयोजनाका सिनियर डिभिजनल इन्जिनियर पदमबहादुर कुँवरले जानकारी दिए ।

अबका बाँकी काम केही कठिन रहेको जनाउँदै जस्तोसुकै परिस्थिति आए पनि अबको १० दिनभित्र काम सम्पन्न हुने बताए । सरकारको लक्ष्यअनुसारनै पानी पथान्तरणका लागि तीव्र गतिमा काम भइरहेको बताए । सांसद अमरेशकुमार सिंहले सरकारले मेलम्ची आयोजनालाई प्राथमिकता दिएर बाह्रै महिना काठमाडौंवासीलाई पानी खुवाउनुपर्ने बताए ।

खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यले दीर्घकालीन रुपमा काठमाडौंमा पानी लाने गरी काम गर्न लागि परेको बताए । अवलोकनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेल, सांसद सिंह, वित्त आयोगका सदस्य जुद्द गुरुङ, विपिनराज निरौला, खानेपानी मन्त्रालयका सचिव आचार्य, खानेपानी विभागका महानिर्देशक कमलराज श्रेष्ठ, मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जक्की अहमद अन्सारीलगायतको सहभागिता रहेको थियो । अहिले ४५ जना कामदारले द्रुत गतिमा काम गरिरहेको इन्जिनियर कुँवरले बताए ।

गत वर्षको बाढीले हेडवर्क्सको संरचनालाई करिब २० फिट अग्लो गेग्रानले पुरेको थियो । अहिले उक्त गेग्रान हटाएर अर्डिट सुरुङमा पसेको ढुङ्गा, गिट्टी र बालुवा झिक्ने काम भइरहेको छ । विसं २०७८ असारमा आएको बाढीले मुहान क्षेत्रलाई तहसनहसनै बनाएपछि पानी काठमाडौं अस्थायीरुपमा ल्याउने गरिएको छ ।

# वीरेन्द्रनगरमा फोहोरबाट ग्यास उत्पादन



**काठमाडौं–** सुर्खेतको वीरेन्द्रनगरमा फोहरबाट ग्यास र जैविक मल उत्पादन गर्न सुरुआत भएको छ ।

व्यक्तिगत लगानीमा कर्णालीमै पहिलो पटक वीरेन्द्रनगर-११ को सिमलकुनामा फोहरबाट ग्यास र जैविक उत्पादन गर्न थालिएको हो । वीरेन्द्रनगर-११ का युवा कृष्णप्रसाद ढकालले दुई बिघा जग्गा २० वर्षको लागि भाडामा लिएर फोहरलाई मोहरका रुपमा रुपान्तरण गर्न सुरु गरेका हुन् ।

नगरपालिकाभित्रको सबै फोहरलाई सङ्कलन गरी ग्यास र जैविक मल उत्पादनको लागि प्रयोग गर्ने गरिएको उनले जानकारी दिए । १४ करोड लगानीमा जर्मन प्रविधिमा ग्यास प्लान्ट स्थापना गरी ग्यास र जैविक मल उत्पादन सुरु गरिएको ढकालको भनाइ छ। सो रकममध्ये पाँच करोड विश्व बैंकको सहयोग छ ।

अहिले तरकारी पसलबाट निस्कने फोहर सङ्कलन गर्ने गरिएको जनाउँदै ढकालले अब प्रत्येक घरघरबाट निस्कने फोहर सङ्कलन गरी प्रयोग गरिने योजना रहेको जानकारी दिए । 'हामीले नगरपालिकासँग सहयोगको लागि आग्रह गर्यौं, तर सहयोग पाएनौं, अनि आफ्नै ट्र्याक्टर किनेर फोहर सङ्कलन गरेर ल्याइरहेका छौं', उनले भने, 'अब प्रत्येक घरबाट निस्कने फोहर सङ्कलन गरी ग्यास र जैविक मल उत्पादन बढाउँदैछौं ।'

ग्यास उद्योग प्लान्टबाट अहिले दैनिक सात सय २० क्विन्टल ग्यास र नौ टन जैविक मल उत्पादन भइरहेको छ। उत्पादित ग्यास खाना पकाउनेसहित सवारी साधन सञ्चालनको लागि पनि प्रयोग गर्न सकिने भएकाले पेट्रोलियम पदार्थको खपतसमेत घट्ने सञ्चालक ढकालको भनाइ छ ।

गत जेठबाट हामीले ग्यास र जैविक मल उत्पादन सुरु भएको जनाइएको छ। उनले भने, 'यो ग्यास उत्पादनले सरकारलाई सहयोग पुग्ने छ। पहिलो कुरा रासायनिक मलको प्रयोगलाई घटाउने र त्यसमा दिने अनुदान हामीले उत्पादन गर्ने जैविक मलमा दिनुपर्छ, जसले गर्दा एकातिर अर्गानिक उत्पादन पनि बढ्छ भने अर्कोतर्फ हामीले फोहरबाट ग्यास पनि उत्पादन गरिरहेका छौं, यो ग्यासले खाना पकाउने मात्रै नभई सवारी साधन चलाउन पनि हुने भएकाले राज्यको वार्षिक रु १८ करोड रकम जोगिन्छ ।

# तनहुँको मौरीबजारमा बस दुर्घटना हुँदा ३२ जना घाइते

दमौली- पृथ्वीराजमार्गअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-६ मौरीबजारमा यात्रुवाहक बस दुर्घटना हुँदा ३२ जना घाइते भएका छन् ।

वीरगन्जबाट पोखरातर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख १२०६ नम्बरको बस आज बिहान अनियन्त्रित भई सडकबाट खोलामा खसेको थियो । घाइतेमध्ये एक जनाको अवस्था चिन्ताजनक रहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक मोहनबहादुर खाँणले जानकारी दिए। १७ जनाको अवस्था मध्यम र १४ जनाको अवस्था सामान्य रहेको उनको भनाइ छ ।

घाइते हुनेमा बसचालक कास्कीको अन्नपूर्ण गाउँपालिका-६ लुम्लेका ३४ वर्षीय अन्तिम सुनार, सहचालक तनहुँको शुक्लागण्डकी नगरपालिका-६ खैरेनीटारका ३२ वर्षीय सागर श्रेष्ठ सहित अन्य यात्रु रहेका प्रहरीले जनाएको छ।

# खेलकुद

## बाँकेमा जिल्लास्तरीय मेयर कप फुटबल प्रतियोगिता हुने



**नेपालगन्ज–** जिल्लास्तरीय मेयर कप छात्र-छात्रा फुटबल प्रतियोगिता-२०८० को तयारी तीव्र बनाइएको छ ।

बाँके जिल्ला फुटबल संघको आयोजनामा हुन लागेको प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्नको लागि आइतबार विभिन्न उप-समिति गठन गरिएको छ । प्रतियोगितालाई भव्यरुपमा सफल बनाउन उप-समितिको भूमिका महत्वपूर्ण रहने बाँके जिल्ला फुटबल संघका उपाध्यक्ष एवम् प्रतियोगिता संयोजक निर्मल चन्दले बताए ।

नेपालगन्जमा आगामी माघ ६ देखि १४ गते सम्म हुने प्रतियोगिताको लागि गठन गरिएको उप-समितिअन्तर्गत सचिवालय संयोजकमा कमल खत्री, सदस्यमा घनश्याम थापा, प्राविधिक संयोजकमा प्रशिक्षक सानु तामाङ, सदस्यमा रवीन्द्रकुमार श्रेष्ठ, दिपु राना, प्रचारप्रसार संयोजकमा अनिल केसी, सदस्यमा जी। थापा, कुमार श्रेष्ठ, सौरभ रानालाई जिम्मेवारी दिइएको छ ।

यसैगरी पालिकास्तरमा समन्वय गर्नको लागि खजुरा गाउँपालिका संयोजकमा टोपेन्द्र खत्री संयोजक, सदस्यमा हरिप्रकाश विक, छविलाल विष्ट र भागवीर सुनार रहेका छन् । नेपालगन्ज उप-महानगरपालिका र जानकी गाउँपालिका संयोजकमा भीमजंग शाह, सदस्यमा भद्र सिंह थापा, कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिका संयोजकमा युवराज शाही, सदस्यहरुमा भोज बहादुर शाही र सिद्धार्थ खत्री रहेका छन् ।

डुडुवा, राप्तीसोनारी र नरैनापुर समन्वय उप-समितिमा पल सिंह खत्री संयोजक, सदस्यमा शंकर परियार, खड्क खत्री, कमल केसी रहेका छन् । प्रतियोगिताको समारोह उप-समिति संयोजकमा ओम प्रकाश केसी, सदस्यमा बासु भण्डारी, नागिन श्रेष्ठ रहेका छन् । अनुशासन उप-समिति संयोजकमा गोवर्द्धन सिंह सम्झना, सदस्यमा गोविन्द्र प्रसाद श्रेष्ठ, निजामुद्दिन सिद्धिकीलाई जिम्मेवारी दिइएको छ ।

प्रतियोगितामा करिब ४० विद्यालयहरुको सहभागिता रहने प्रतियोगिता संयोजक एवम् बाँके जिल्ला फुटबल संघका उपाध्यक्ष निर्मल चन्दले बताए । बाँके जिल्ला फुटलल संघले विगतका वर्षमा मेयर कप जिल्लास्तरीय छात्र-छात्रा प्रतियोगिता आयोजना गर्दै आएको थियो । कोभिड-१९ का कारण दुई वर्ष प्रतियोगिता हुन सकेको थिएन् ।

माघको ६ गतेबाट सुरु हुने प्रतियोगिताले विद्यालय स्तरबाट फुटबल खेलाडी उत्पादनमा सहयोग गर्ने अखिल नेपाल फुटलब संघका केन्द्रिय सदस्य एवम् बाँके जिल्ला फुटबल संघका अध्यक्ष भोजराज शाहीले बताए ।

नेपालगन्ज उप-महानगरपालिका वडा नम्बर १ स्थित एन्फा ग्रासरुट फुटबल ट्रेनिङ सेन्टरमा प्रतियोगिताका खेलहरु हुनेछ । प्रतियोगिताको विजेता टिमले २१ हजार, उपविजेताले ११ हजार र सर्वोत्कृष्ट खेलाडीलाई पुरस्कृत गरिने संघले जनाएको छ ।

## यू-१९ विश्वकपका लागि नेपाली राष्ट्रिय टिम दक्षिण अफ्रिकातर्फ प्रस्थान




काठमाडौं- आइसिसी यू-१९ विश्वकप क्रिकेट प्रतियोगिताका लागि नेपाली राष्ट्रिय टिम दक्षिण अफ्रिकातर्फ प्रस्थान गर्दैछ ।

नेपाली क्रिकेट टिमलाई आज नेपाल क्रिकेट संघ (क्यान) ले विदाइ गरेको हो। आगामी १९ जनावरीदेखि दक्षिण अफ्रिकामा हुने प्रतियोगितामा देव खनालले नेपाली टिमको कप्तानी गर्नेछन् । दक्षिण अफ्रिकामा नेपालले एक साता प्रशिक्षण गर्नेछ। एक सातापछि नेपालले सुरुमा वाम अप खेल खेल्नेछ भने त्यसपछि विश्वकपका खेल खेल्नेछ ।

यसपटकको विश्वकपमा नेपालसहित १६ टिमले भाग लिँदैछन्। विश्वकपमा नेपाल समूह डी मा छ । समूहमा नेपालसँगै पाकिस्तान, अफगानिस्तान र न्युजिल्यान्ड छन् । नेपालले पहिलो खेल २१ जनावरीमा न्युजिल्यान्डसँग खेल्नेछ। यस्तै २४ जनावरीमा पाकिस्तान र २७ जनावरीमा अफगानिस्तानसँग खेल हुनेछ ।

त्यसअघि नेपालले १३ जनावरीमा स्कटल्याण्ड र १६ जनावरीमा वेस्ट इन्डिजसँग वाम अप खेल खेल्नेछ । नेपालले सन् २०१६ पछि यू-१९ विश्वकप खेल्न लागेको हो। ८ वर्षपछि विश्वकपमा स्थान पक्का गर्ने क्रममा नेपालले छनोटमा युएईलाई स्तब्ध पारेको थियो ।

जनआकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २२, २०८० साल पुस २४ गते मंगलबार (Jan 09, 2024)

### विकासमा लाग्न नसकेको देश...

पृष्ठ १ बाट जारी

छिटोभन्दा छिटो गर्न थालिहाल्नुपर्ने आजको आवश्यकता छ । आजका विश्वमा छरिएर रहेका नेपालीहरुलाई आफ्नै देशमा आकर्षिक कार्यक्रम बनाई देशको विकास र उन्नतिमा लाग्ने वातावरण बनाई नेपालको विकासमा सम्भावना भएको लक्ष्य भेटन सक्ने गरी काम गर्नुपर्ने ईमानदार नेतृत्वको खाचो भईसकेको छ ।

जनताले अझै त्यो पहिल्याउन सकेका छैनन् भने अन्तराष्ट्रिय शक्ति केन्द्रहरु अझै पनि नेपालमा उनिहरुको स्वार्थ पुरा गर्ने खेल मैदानको रुपमा प्रयोग गर्न अग्रसरछन् । त्यस्तो योजनाहरु बुझेर नेपाली जनताले सत्यको पक्षमा उभिनुपर्छ केही समय दुखः होला तर देशको पक्षमा भएको कामले भोलिका दिनमा नेपाली सन्तानले स्वाभिमानी स्वास फेर्न सक्छन् । भोलिका सतन्तिको लागि पनि सोचेर काम गरौ ।

## म्याग्दीको राखु गाउँबाट डेढ करोडको सुन्तला बिक्री



**गलेश्वर–** म्याग्दीको बेनी नगरपालिका-३, भकिम्ली राखुगाउँका कृषकले सुन्तला बिक्री गरेर रु डेढ करोडभन्दा बढी रकम गाउँमा भित्र्याउन सफल भएका छन् । यस वर्ष जिल्लामा समग्रमा सुन्तलाको उत्पादन घटेको जनाइएको छ ।

राखुगाउँका एउटै किसानले रु पाँच लाखदेखि रु नौ लाखसम्म सुन्तला बिक्री गरेर आम्दानी गरेका छन् । राखुकी मनकुमारी पुनले यस वर्ष रु नौ लाखको सुन्तला बिक्री भएको बताए । उनले विगत डेढ दशकदेखि नर्सरी स्थापना गरी सुन्तलाको बिरुवा उत्पादन गर्दै आएका छन् ।

अगुवा कृषक पुनले यस वर्ष अन्यत्र जिल्लाबाट आएका व्यापारीलाई बोटबाटै सुन्तला बिक्री गरेको बताए । सुन्तला उत्पादनका लागि जिल्लामै प्रख्यात मानिने तल्लो र माथिल्लो राखुमा रहेका ६५ घरधुरीले यस वर्ष करिब डेढ करोडको सुन्तला फलाएको अर्का अगुवा कृषक खिम पुनले जानकारी दिए । सो गाउँका कृषकले न्यूनतम ३० हजारदेखि नौ लाखसम्मको सुन्तला उत्पादन गरेका छन् ।

यस वर्ष नयाँ बोटले समेत फल दिएकाले आम्दानी बढेको सुन्तला जोन कार्यक्रमका संयोजकसमेत रहेका खिम पुनले जानकारी दिए । "उत्पादन घटे पनि आम्दानी घटेको छैन, सुन्तला खेतीमा लागेका कृषकले घर आँगनमै लाखौं कमाएका छन् ।"

राखुबाट सुन्तला खरिद गरी सुर्केमेलाको सडकमा ग्रेडिङ गरी काठमाडौं पठाउन लागेका कृषक पुनले जिल्लामा सबैभन्दा धेरै सुन्तला उत्पादन हुने राखु क्षेत्रको सुन्तला खरिदमा व्यापारीले प्रतिस्पर्धा गर्दा किसानले उचित मूल्यसमेत पाएको बताए ।

## महालक्ष्मी विकास बैंक लिमिटेडका ग्राहकहरूलाई Apollo Diagnostic Nepal Pvt. Ltd. का सेवाहरूमा विशेष छुट




**काठमाडौं–** "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत २९ वर्ष देखि अनवरत रुपले गुणस्तरिय वित्तीय सेवा प्रदान गर्दै आएको यस महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने अभिप्रायका साथ धुमबाराही, काठमाडौंमा अवस्थित Apollo Diagnostic Center सँग सम्झौता गरेको छ ।

सम्झौता पश्चात महालक्ष्मी विकास बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुले उक्त संस्थाका विभिन्न स्वास्थ्य सेवाहरुमा विशेष छुट प्राप्त गर्न सक्नेछन् । यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

यसका साथसाथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षतकार गराउने उद्देश्यले बैकले विभिन्न शाखाहरुबाट वित्तीय जन चेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

## सघर्सको रूप मात्र फेरिएको, लडाइ रोकिएको छैन



**रामेछाप–** रामेछाप जिल्लाको सुनापति गाउपालिकाको प्रसाशकिय भवन उडघाटन गर्न आएका नेकपा माओवादीका अध्यक्ष तथा प्रधानमन्त्री पुष्कमल दाहाल ( प्रचण्ड ) ले नेकपा माओवादीको आन्दोलनको रुप मात्रै फेरिएको हो लडाइ रोकिएको होइन । भन्दै बेथान युद्धमा सहिद भएका महान सहिद तिर्थ गौतम, दिलमाया योन्जन, फत बहादुर स्लामि मगर लगायत हजारौं सहिदहरुको बलिदानले राजतन्त्रको कृन्द्रीकृत राज्यप्रणालीलाइ फालेर गणतन्त्र स्थापना गर्यौ ।

गणतन्त्र राज्यप्रणाली लगु भएपछि संघीयताले जनताको अधिकारलाइ जनताको घर घरमा पुर्याउन माओवादी आन्दोलनले दिएको उदारण दिदै सुनापति गाउपालिकामा प्रसाशनिक भवन बन्नु पनि परिवर्तन हो भनेर सम्बोधन गरेका थिए ।

प्रसाशनिक भवन उदघाटनको कार्यक्रमको बिशिस्ट अतिथिको रुपमा आएका प्रतिनिधिशभा सदस्य रामेछापका पुर्ण बहादुर तमाङ्ले रामेछापको विकासको लगि पाहाडि लोकमार्ग लगाएको बिषमा बोलेका थिए । ससद तामाङले कार्यक्रमस्थलमा नै रामेछापको माग पत्र बुझाएका थिए ।

भवन उदघाटन कार्यक्रममा प्रदेश सभासद, युवराज चौलागाईं, आनन्द श्रेष्ठ, रामेछाप जिल्ला समन्वय प्रमुख चिना कार्की, जिल्ला प्रमुख अनिता निरौला, मन्थली नगरपालिकाका मेयर लव श्रेष्ठ, दोरम्बा गाउपालिकाका अध्यक्ष मैन कुमार मोक्तान, खाडादेवि गाउपालिकाका अध्यक्ष ज्ञान कुमार श्रेष्ठ, रामेछाप जिल्लाका महत्त्वपूर्ण ब्यात्तित्वहरुको उपस्तिथिमा कार्यक्रम भएको हो ।

कार्यक्रमलाइ दुइ भागमा बिभाजन गरेर गरिएको थियो । पहिलो चरणमा बेथानमा सहिद भएका सहिदहरुको २७ औ स्मृति दिवसको कार्यक्रममा पुगि सहिदको अर्धकदमा माल्यापर्ण गरि मुट्ठी कसेर सहिदहरु प्रति सम्मानमा प्रधानमन्त्री तन्केका थिए । सहिद परिवारहरुलाइ प्रधानमन्त्रीको हातवाट सम्मान पत्रले सम्मानित गरिएको थियो ।

दोस्रो शत्रमा सुनापतिको प्रसाशनिक भवनको उदघाटन भएको थियो । दोस्रो शत्रको सभापति सुनापति गाउपालिकाका अध्यक्ष ठुलोकान्छा तामाङले गरेका थिए ।

सुनापति भवन उदघाटन कार्यक्रमको स्वागत मन्तव्य सोहि गाउपालिकाकि उपा- घ्यक्ष गिता चौलागाईंले गरेकि थिइन ।

गाउपालिकाको प्रसाशनिक भवन उदघाटन कार्यक्रममा अतिथिको रुपमा आएका ब्यातित्वहरुलाइ मायाको चिनो प्रदान गरिएको थियो ।

भवन उदघाटन कार्यक्रमलाइ सफल ढंगवाट संचालन गरि सोहि गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत देबेन्द्र सुबेदिले महत्वोपुर्ण भुमिका निर्वाह गरेका थिए ।

## राष्ट्रिय सभाको सिट बाँडफाँटमा सत्ता गठबन्धन सहमति



**काठमाडौं–** राष्ट्रिय सभाको सिट बाँडफाँटमा सत्ता गठबन्धन सहमति नजिक पुगेको छ ।

राष्ट्रिय सभाका १९ सिटका लागि हुने निर्वाचनमा नेपाली कांग्रेसले १० माओवादी केन्द्रले ६, एकीकृत समाजवादीले २ र जनता समाजवादीले एक लिने मोटामोटी सहमति भएको छ । यसको अन्तिम टुंगो आज बस्ने गठबन्धले लगाउने नेताहरूले बताएका छन् ।

सिट बाँडफाँटबारे छलफल गर्न शनिबार मध्यरातसम्म प्रधानमन्त्री बालुवाटारमा नेताहरुको बैठक बसेको थियो । बैठकले मोटामोटी रुपमा सहमति गरिसकेको नेताहरूले दाबी गरेका छन् । कर्णाली, गण्डकी र बागमती प्रदेशबाहेक कहाँ कसले लिने क्लस्टरसहित सहमति भइसकेको छ ।

सूदूरपश्चिममा पुरुष कांग्रेसलाई, महिला माओवादीलाई, लुम्बिनीमा महिला कांग्रेस, पुरुष माओवादीलाई, मधेशमा महिला कांग्रेसलाई, पुरुष जनता समाजवादीलाई, कोशीमा पुरुष कांग्रेसलाई, महिला माओवादीले लिने सहमति भएको छ ।

बैठकमा एकीकृत समाजवादीले भने आफूलाई कम सिट भएको भन्दै असहमति जनाएको थियो । उसले तीन सिटमा दाबी गरेको छ । तर, आजको बैठकमा दुई सिटमै सहमति हुने नेताहरूको भनाइ छ । जनमत पार्टीका अध्यक्ष सिके राउतले पनि एक सिटमा दाबी गरेका थिए । उनी सिट नपाउने भएपछि बैठकको बीचमै बाहिरिएका थिए ।

# अन्तराष्ट्रिय समाचार

## इजरायलको ड्रोन आक्रमणमा हमासका एक कमाण्डर मारिए



**काठमाडौं–** इजरायलले गरेको ड्रोन आक्रमणमा परी हमासका एक जना शीर्ष नेता मारिएको लेबनान र प्यालेस्टिनी सुरक्षा स्रोतले दाबी गरेका छन् ।

समाचार एजेन्सी रोयटर्सका अनुसार इजरायलको आक्रमणबाट हमासका एकजना कमाण्डर सालेह अल-अरुरी मारिएको भनेर लेबनान र प्यालेस्टिनी सुरक्षा स्रोतले दाबी गरेका हुन् । तर इजरायलले भने यो समाचारको पुष्टि गरेको छैन । यसबारे इजरायली सेनालाई सोध्दा विदेशी मिडियामा आएका खबरको जवाफ नदिने बताएको रोयटर्सले जनाएको छ ।

हमासले भने एल-अक्सा रेडियोमार्फत अरुरीको हत्या भएको पुष्टि गरेको छ । हमासका पोलिट ब्युरो सदस्य इज्जत अल-शार्कले यसलाई 'कायरतापूर्ण हत्या' भनेका छन् । बेरुतमा मारिएका सालेह अल अरुरी हमासको पोलिट ब्युरो सदस्यहरुमध्ये वरिष्ठ नेता हुन् । अरुरीमाथि अमेरिकाले पाँच मिलियन डलर इनाम घोषणा गरेको थियो ।

उनी हमासको सैन्य विङ्ग र कासिम ब्रिगेडको संस्थापकमध्येका एक हुन् । यही कासिम ब्रिगेडले गत ७ अक्टुबरमा इजरायलमा भीषण आक्रमण गरेको थियो । त्यसै दिनदेखि इजरायलले हमासलाई समाप्त पार्ने भन्दै सैन्य कारबाही जारी राखेको छ ।

## अमेरिकाको एक विद्यालयमा गोली चल्दा , १ जनाको मृत्यु




**काठमाडौं–** अमेरिकाको डल्लासस्थित आयोवामा रहेको एक स्कुलमा गोली चल्दा १ जनाको मृत्यु भएको छ । ५ जना घाइते भएका छन् ।

आयोवाको पेरी हाई स्कुलका १७ वर्षीय एक विद्यार्थीले ६ कक्षाका विद्यार्थीहरुमा गोली चलाएका थिए । उनले चलाएको गोली ५ जना विद्यार्थी र एक शिक्षकलाई लागेको छ । उनीहरुमध्ये एक जनाको अवस्था गम्भीर छ भने चार जनाको अवस्था स्थीर छ ।

घटनास्थलमा गोली चलाउने विद्यार्थी नै मृत फेला परेका छन् । उनले अरुलाई गोली चलाएर आफूले आत्महत्या गरेको हुन सक्ने अनुमान प्रहरीले गरेको छ । ,क्रिसमसको विदा पछि विद्यालय खुलेको पहिलो दिनमै विद्यालयमा गोली चलेपछि अमेरिकाको पेरी शहरका बासिन्दा आतंकित छन् ।

पेरी अमेरिकाको सानो शहर हो । यहाँ करिब ८ हजार जनसंख्या छ । अमेरिकामा बन्दुकबाट हुने आक्रमण चिन्ताको विषय बनेको छ । त्यसैले बन्दुकबाट मानिसहरु मारिने क्रमलाई रोक्न कडा कानुनको माग

## इजरायलले उत्तरी गाजा क्षेत्रमा हमासको सैन्य संरचना नष्ट गर्ने

**काठमाडौं–** इजरायलले उत्तरी गाजा क्षेत्रमा हमासको सैन्य संरचना नष्ट गर्ने अभियान पूरा भएको जनाएको छ । अब गाजा क्षेत्रको मध्य र दक्षिणी क्षेत्रमा हमासलाई समाप्त पार्ने अभियान सुरु गर्ने इजरायलले जनाएको छ ।

गत ७ अक्टुबरमा प्यालेस्टिनी लडाकु समूह हमासले इजरायलमा आक्रमण गरेपछि इजरायलले युद्ध घोषणा गर्दै हमासलाई समाप्त पार्ने अभियान सुरु गरेको थियो । सोही क्रममा हवाई तथा स्थल आक्रमण गरेर इजरायलले उत्तरी गाजा क्षेत्र तहसनहस बनाएको छ ।

इजरायली सेनाका प्रवक्ता ड्यानियल हगारीले शनिबार मिडियाहरुसँग भनेका छन्, 'उत्तरी गाजा क्षेत्रमा हमासको सैन्य संरचना समाप्त पार्ने काम पूरा भएको छ । प्यालेस्टिनी समूहका सदस्यहरु अब कमाण्डरविना छिटफुट रुपमा मात्र केही क्षेत्रमा काम गरिरहेका छन् ।'

हमासले ७ अक्टुबरमा इजरायलमाथि एक्कासी आक्रमण गर्दा १० नेपालीसहित १ हजार १४० जनाको मृत्यु भएको थियो । हमासले नेपालका विपिन जोशीसहित २५० जनालाई बन्धक बनाएको थियो । केहीलाई हमासले मुक्त गरे पनि विपिनसहित १३२ जना अझै हमासको नियन्त्रणमा रहेको बताइएको छ ।

# रविन्द्र केसी को “सम्बन्धको दोबाटो” कथा कृति माथि पाठकीय दृष्टिकोण


■ मन्दीरा चापागाईं

भरखरै ( १४ पौष २०८०,) सार्बजनिक भएको श्री रविन्द्र केसी को कथा संग्रह ‘सम्बन्धको दोबाटो ‘ पढिसकेपछि पाठक मनमा उब्जिएका जिज्ञासाहरु यहाँहरु समक्ष पस्किएकि छु ।

आशा छ पुस्तक प्रति प्रष्ट हुन साहित्यानुरागि महानुभावहरुलाई सहयोग पुग्नेछ ।भनिन्छ,जिन्दगीमा अनेकन घटनाहरु बेहिसाव घटिरहन्छन् ।

तर एउटा लेखकले कसरी हेर्यो र परिभाषित गर्यो भन्ने कुराले उसको दृस्ठिकोण उजागर गर्दछ ।

परिस्थिति र परिवेशले मन मस्तिष्कका भावहरु निर्धारण गर्दछन् । यस कथा संग्रह ‘सम्बन्धको दोबाटो ‘मा कथाकार श्री रविन्द्र केसीले आफ्नो दुई दशक लामो जागिरे जीवनकालमा स्वदेश तथा विदेशमा देखे ,भोगेका र कल्पना गरिएका घटनाहरुको कलात्मक प्रस्तुति दिनुभएको छ ।




हो ,वहाँका कथामा देशले भोग्नुपरेको निर्मम द्वन्द,प्रविधिले निम्त्याएको विकृति,वैदेशिक रोजगारले निमोठेको प्रेम र तहसनहस पारेको परिवार, लिभिङ्ग टुगेदरले थोपरेको पिडा र पस्चाताप, यौवनमा होष गुमाउँदा भोग्नुपरेका शारीरिक मानसिक तनाव , प्रेम,वियोग,पिडा,विवशता छन् ।

संघर्ष,सपना र खुसी,मात्र औपचारीकतामा सिमित सम्बन्ध र त्यस भित्रका सकस छन् ।

वैदेशिक रोजगारी लगायतका विविध कारणहरुले आत्मियतामा आएका दरार र उजाडिदैं गरेका कयौ घरवारहरू, सबन्ध भित्रैको विरानोपन र छटपटी छन् ।

मानिसहरुका आत्मा केन्द्रित सोच महत्वकांक्षा,लालसा र व्यभिचारहरू देख्न पाईन्छन् र पाइन्छन् संस्कृति,परम्परा र प्रथाका नाममा हुने शोषण, विभेद र उत्पीडनका कुरूपताहरू नियाल्न पनि । मानिसहरुका मायाप्रिति,सुस्केरा, दु:ख,पिडा र आँसु र घात अनुभूत गर्न सकिन्छ ।

यति भएर पनि जिन्दगी बाँच्ने सकारात्मक समाधान सहितको समापन भेटिन्छ ।

वहाँका कथाहरुले आँखाहरु भिजाउँछन्, मुटु बिझाउँछन् जीवन र जगतलाई स्पष्ट बुझाउँछन् ।

जीवन बाँच्ने,आँशु लुकाएर हाँस्ने कला र धैर्यता ,साहस र सहनशीलता जस्ता पाठ सिकाउँछन् ।

‘सम्बन्धको दोबाटो’ ले नेपाली साहित्याकाशमा कालजयी कृतिको रूपमा आफूलाई स्थापित गर्न सफल हुनेछ भन्ने मलाई लाग्दछ ।

सार्वजनिक भएको सम्बन्धको दोबाटो कृतिको सम्भवत:यो नै पहिलो समिक्षा हुनुपर्छ ।

# जुत्ताको कथामा बनेको लघुचलचित्र ‘पाउलो’मा जुत्ता कम्पनीको सहकार्य




**काठमाडौं–** ऐना आर्टस्को प्रस्तुति र ब्ल्याक हर्स जुत्ता कम्पनीको सहयोगमा लघुचलचित्र ‘पाउलो’ निर्माण भएको छ । जुत्ताको कथावस्तु रहेको ‘पाउलो’ को छायांकन काठमाडौंको पशुपति परिसरमा गरिएको थियो । लघुचलचित्रमा प्रशान्त हुमागाइँ, सुवास सिलवाल, मोहन श्रेष्ठ, उद्धव दंगाल, नरेन भट्टराई, निश्चल कार्की, सम्पन्न दाहाल, लिजेश थापा र सन्देश थापाले अभिनय गरेका छन् ।

पाउलोमा रेनुका कार्कीको कास्टिङ डिरेक्सन र प्रोडक्सन म्यानेजमेन्ट चक्र प्रसाद पोखेलले गरेका छन् । सहायक निर्देशन करन साउदको रहेको छ । लघुचलचित्रको छायांकन नारायण जिसीले गरेका हुन् र सम्पादन अनिल कुमार महर्जनले गरेका छन् । लघुचलचित्र ‘पाउलो’ पशुपती परिसरमा बस्ने परिवारविहिन एक सडक बालकको कथा हो । जसमा सुरुदेखि अन्त्यसम्म मुख्य पात्र जुत्तालाई नै बनाइएको छ ।

मानिस जन्मन्छ, हुर्कन्छ, विवाह गर्छ, विवाह पश्चात् श्रीमान वा श्रीमतीको मृत्यु भयो भने उसले अर्को विवाह गरेको घटनाहरु समाजमा पाईन्छ, यस्तै मानिसको कथालाई विम्बको रुपमा जुत्ताको जीवनकथा प्रस्तुत गरिएको छ । यहाँ कलाकार वा पात्रले जुत्तालाई हैन, जुत्ताले कथाका पात्रहरूलाई घुमाइरहन्छ ।

त्यही जुत्ताले कसैलाई खुसी थपिदिन्छ त कसैलाई रुवाउछ वा समयअनुसार उही मानिसलाई दुखी बनाइदिन्छ । लघुचलचित्र ‘पाउलो’ मा पनि एउटा जीवन्त कथा र समाजको यथार्थ चित्रण रहेको छ । जुत्ता एउटा सामाग्री मात्र हैन, मानवीय अनुभुतीहरु पनि हुन् भन्ने यस लघुचलचित्रको मुख्य सार रहेको छ ।

पाउलोको कथावस्तु जुत्ता सम्बन्धी भएर आफुलाई राम्रो लागेकाले सहकार्य गरेको ब्ल्याक हर्स इन्ड्रस्टिज प्रालिका प्रबन्ध निर्देशक चीन बहादुर श्रेष्ठ बताउँछन् । ब्ल्याक हर्सले नेपालमा विभित्र ब्राण्डेड जुत्ता तथा चप्पलहरुको उत्पादन तथा वितरण गर्दै आइरहेको छ ।

लघुचलचित्र पाउलोको लेखन तथा निर्देशन मोहन अभिलाषीले गरेका हुन् । अन्य चलचित्रहरूमा व्यक्तिलाई पात्रको रुपमा उभ्याउने गरिएतापनि यस लघुचलचित्रमा भने जुत्तालाई नै मुख्य पात्र र जीवनको रुपमा उतार्ने प्रयास गरिएको उनी बताउँछन् ।

उनले यसअघि निर्माण गरेका लघुचलचित्र ‘भाउ’, ‘घुर्रा’, ‘द स्कुल वाल’ विभिन्न अन्तरास्ट्रिय चलचित्र महोत्सवहरुमा समेत छनोट भएर विभिन्न देशहरुमा प्रदर्शनसमेत भईसकेको छ । पाउलोको पात्रहरुको लागि स्पार्कल आर्ट एकेडेमीमा अडिसनमार्फत कलाकारहरुको छनोट गरिएको थियो । मुख्य पात्रको रुपमा अभिनय गरेका प्रशान्त हुमागाइँ यस लघुचलचित्रबाट अभिनयबारे अझ धेरै कुराहरु सिक्ने अवसर पाएको बताउँछन् ।

पात्रमा अभिनय गरिरहँदा मानिसहरु झुक्किएर पैसा दिएको अनुभव समेत सुनाए । उनले नाटकमार्फत बेलारुस र बंगलादेश पुगेर उत्कृष्ट बाल कलाकारको अवार्डसमेत प्राप्त गरिसकेका छन् ।

# गीतकार तथा संगीतकार महेश्वर पन्तको “जिउँदा देवता“ सार्वजनिक

**काठमाडौं–** गायक प्रवीन बेडवालको सुमधुर स्वरमा रहेको नयाँ गीत “जिउँदा देवता” को सांगीतिक लघु चलचित्र सार्वजनिक भएको छ ।

कृष्णा पन्त स्मृति प्रतिष्ठानको प्रस्तुति तथा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज बोस्टन च्याप्टरका अध्यक्ष एवं अनेसास केन्द्रीय सांस्कृतिक समितिका संयोजक गीतकार संगीतकार महेश्वर पन्तको रचना तथा संगीत रहेको मार्मिक गीतको सांगीतिक लघु चलचित्र सार्वजनिक भएको छ ।




उक्त भिडियोमा पछिल्लो समयमा नेपाली समाजमा घटिरहेका समसामयिक विषयवस्तुलाई जोडदार रुपमा प्रस्तुत गरिएको छ । बरिष्ठ अभिनेता तथा निर्देशक सरोज खनालद्वारा निर्देशित उक्त चलचित्रलाई उत्सव दाहालले छायांकन गरेका हुन् ।

सार्वजनिक भिडियोमा बरिष्ठ अभिनेत्री गौरी मल्ल, महेश्वर पन्त, रमेश दाहाल, राजेन्द्र केसी, सविना आचार्य, भावना गुरुङ तथा बालकलाकार द्वय गिर्वाणसिंह थापा र गर्विशा थापालाई फिचर्ड गरिएको छ ।

कविता

# नाच्दै गाउनलाई



पुनम घिमिरे

भगवान्लाई म भेट्न आउदैछु
म भेट्न आउदै छु
फुलपाति बेलपत्र ल्याउदै छु
नमन शिवलाई
ॐ नम: भगवते वासदेवाय

शिरमा चन्द्र नागको माला
नागको माला
भस्म लेपन बेर्दछन् बाघछाला
नमन शिवलाई
हर हर भोले भन्दै नाच्दै गाउनलाई

मुन्ड माला रुद्राक्ष धारण
रुद्राक्ष धाराण
भक्तहरुलाई तिमी नै तारण
नमन शिवलाई
हर हर भोले भन्दै नाच्दै गाउनलाई

डम डम डमरु बजाउने
डमरु बजाउने
जटा जुट शिरैमा सजाउने
नमन शिवलाई
हर हर भोले भन्दै नाच्दै गाउनलाई

आसुतोष शिव भोले भण्डारी
शिव भोले भण्डारी
सुन्छन पुकार छन् है मनकारि
नमन शिवलाई
हर हर भोले भन्दै नाच्दै गाउनलाई

शिव भोले पार्वती समथमा
पार्वती साथमा
राखि देउ आशिष माथमा
नमन शिवलाई
हर हर भोले भन्दै नाच्न गाउनलाई

सब्को भलो कल्याण गरिदेउ
कल्याण गरिदेउ
चेतनामा अहिंसा भरिदेउ
नमन शिवलाई
हर हर भोले भन्दै नाच्दै गाउनलाई ।।

बिन्ती यति पुकार सुनिदेउ
पुकार सुनिदेउ
छोरि बुहारी सुर्क्षित राखिदेउ
नमन शिवलाई
हर हर भोले भन्दै नाच्दै गाउनलाई ।।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २२, २०८० साल पुस २४ गते मंगलबार (Jan 09, 2024)

# लक्ष्मी इन्टरकन्टिनेन्टलले ल्यायो "Hyundai New Year Delight 2024" योजना

**काठमाडौं–** हुन्डाई अटोमोवईल्सको आधिकारीक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल ले नयाँ वर्षलाई मध्यनजर गर्दै "Hyundai New Year Delight 2024" योजना ग्राहकहरु माझ ल्याएको छ ।

यो ग्राहकमुखि योजना यही पुष १६, २०८० देखि नेपाल भरिका सबै शोरुममा सुरु भएको छ । यस योजना अन्तर्गत, ग्राहकहरुले रु. ५,००,००० सम्मको आकर्षक नगद छुट, विद्युतीय गाडीको खरिद गर्दा प्रोत्साहन स्वरुप रु.५०, ००० सम्मको गो-ग्रीन बोनसका साथै गाडीको मोडल इएरको आधारमा रु. ५,००,००० सम्मको छुट प्राप्त गर्न सक्ने छन् यो योजनामा ग्राहकहरुले गाडी खरिद गर्दा १ वर्षसम्मको निःशुल्क बीमा तथा सवारी करका साथै तुरुन्तै मूल्यांकन तथा एक्सचेन्ज सुविधा पाउनेछन् ।

सबै हुन्डाई क्ष्ऋभ गाडीहरुमा ३ वर्ष वारेन्टी, ६ वर्षको फ्रि सर्भिसिङ्ग र भ्ख गाडीको ब्याट्रीमा ८ बर्ष र मोटरमा २ बर्ष वारेन्टी उपलब्ध हुनेछन् । यस स्किमबाट हुन्डाईको कुनैपनि ज्atchback, Compact




SUV, SUV tyf EV गाडी गाडी खरिद गरि फाईदा लिन सकिनेछ ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लि. ले नेपाल भरी १७ शोरुमहरु तथा १९ सर्भिस सेन्टरहरु र ४३ चारजिङ पोइन्टहरु मार्फत ग्राहकहरुलाई सेवा प्रदान गरिरहेको छ । हुन्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमोबाइल उत्पादक मध्येमा पर्दछ ।

यस कम्पनीका उत्कृष्ट उत्पादनहरुले विश्वभरी करोडौं ग्राहकहरुको मन तथा विश्वास जित्न सफल भएको छ । लक्ष्मी इन्टरकन्टिनेन्टलले ग्राहकहरुको आवश्यकता र रुचिलाई ध्यानमा राखी हरेक वर्ष यस्ता ग्राहकमुखी अफर ल्याइरहेको छ ।

# विद्युतीय सवारी साधनमा आकर्षण बढ्दै

**काठमाडौं–** विद्युतीय सवारी साधनको उद्योगमा विश्वमै अग्रणी स्थानमा रहेको द्यथ् ले २०२३ को अन्त्य सम्ममा ३,०२४,४१७ बिद्धयुतिय गाडीहरू बेचेको घोषणा गरेको छ। यस माइलस्टोनले द्यथ् को ६१.८५ को वर्ष- दर-वर्ष वृद्धि मात्रै नभएर दिगो साधनहरुको विकासमा द्यथ् को प्रतिबद्धतालाई पनि देखाएको छ ।

वार्षिक मापदण्डमा ४५.०५ को वृद्धि देखाउदै, द्यथ् ले डिसेम्बर २०२३ मा, कुल मासिक ३४१,०४३ न्यू इनर्जी गाडीहरू (एनईभी) बिक्री गरेको थियो । वर्षको अन्तिम महिनाको यस अद्भुत प्रदर्शनले द्यथ् लाई बिद्धयुतिय गाडीहरूको बजारमा अग्रणी स्थान सुनिश्चित गर्न सह्योग गरेको छ ।

२०२२मा पनि द्यथ् ले बिद्धयुतिय गाडीको क्षेत्रमा नयाँ रेकर्ड कायम गर्दै, १.८६ मिलियन बिद्धयुतिय गाडीहरू बेचेको रेकर्ड दृढ गतिमा बनाएको थियो । कम्पनीको दिगो पर्यावरणीय संरक्षण र नविन प्रविधि विकास प्रतिको प्रतिवद्धताले नै द्यथ् लाई बिद्धयुतिय सवार ीसाधनको क्षेत्रमा नयाँ उचाईमा पुर्याएको हो ।

नोभेम्बर २०२३, द्यथ् को यो प्रगतिशील यात्राको एक महत्त्वपूर्ण क्षण रहेको छ । कम्पनीले आधिकारिक रुपमा आफ्नो ६ मिलियन बिद्धयुतिय गाडीहरू बजारमा लेराइ कम्पनीको प्राकृतिक तथा शुचित भविष्य सृष्टि गर्ने लक्ष्यमा एक ऐतिहासिक माइलस्टोन हासिल गरेको छ ।

द्यथ् को सफलता, यसको अत्याधुनिक प्राविधिको तथा बलियो उत्पादन लाइन अपको प्रमाण हो जसले पर्यावरण-मैत्री यातायात समाधानहरुको लागि बढ्दो विश्ववायापी




मागसगँ प्रतिध्वनित गर्दछ । आजको दिनमा, कम्पनी विद्युतीय सवारी क्रान्तिको अग्रभागमा रहदै, उद्योगमै बेन्चमाक्रहरु सेट गरी रहेको छ ।

२०२३ लाई हाम्रो उत्कृष्ट वर्षका रुपमा मनन गरिरहँदा,द्यथ् ले पर्यावरण मैत्री सवारीसाधनहरु मार्फत यातायातको क्षेत्रमै केहि परिवर्तन ल्याउने संयुक्त प्रयास गरेको छ । ३ मिलियन भन्दा बढीको बिद्धयुतिय सवारी साधनहरुको बिक्रि हाम्रो टिमको अथक प्रयास मात्रै नभएर हाम्रो उत्पादनको गुणस्तर तथा उत्कृष्टतालाई विश्वास गर्ने विश्व भरका ग्राहकहरू पनि हुन् ।

द्यथ् को विद्युतीय गतिशीलता र कार्बन फूटप्रिन्ट घटाउने लक्ष्य, विश्व जलवायुमा आएको परिवर्तन संग भिड्ने र कार्बनको उत्पादन घटाउने प्रयासहरू सँग समर्थन गर्दछ । कम्पनी उच्च-गुणस्तरीय प्रविधि र पर्यावरणमैत्री समाधानहरूको उत्पादनमा दृढ छ जसले आगामीमा सवारी साधनहरुको निर्माणमा हेरचाह गरिरहने छ ।

# टाटा मोटर्स फन कार्निभल ३.० आयोजना

**काठमाडौं–** एकैसाथ पाँच स्थानमा आयोजना हुने फन कार्निभलमा इभी गाडी खरिद गरी बिभिन्न किसिमका अफरहरु प्राप्त गर्न सकिने योजना सिप्रदी ट्रेडीङ्ग प्रा. लि. ले ल्याएको छ ।

नेपालका लागि टाटा मोटर्सको एकमात्र अधिकारिक वितरक, सिप्रदी ट्रेडीङ्ग प्रा. लि. ले टाटा मोटर्स फन कार्निभल ३.० कार्यक्रमको आयोजना गर्न लागेको छ । यस कार्यक्रममा जुनसुकै ब्राण्डका पुराना गाडीहरुसंग नेपालमा सर्वाधिक रुचाइएका टाटाका अत्याधुनिक प्रविधियुक्त नेक्सन इभी र टियागो इभी लगायतका गाडीहरु साट्न सकिनेछ ।

ग्राहकवर्गको परिवर्तित जीवनसैली र अत्याधुनिक सवारीहरु प्रतिको रुची तथा चाहनाहरुलाई मध्यनजर गर्दै यस मेलाको आयोजना गरिएको हो । मेला यहि पौष २० गतेदेखी २२ गतेसम्म उपत्यकाभित्र टाटा मोटर्सको शोरुम थापाथली, वेष्टर्न मोटर्स् महाराजगंज , जे.बि.




मोटर्स् बालकुमारीमा,सिप्रदी ट्रेडिङ्ग प्रा.लि. राधेराधे, भक्तपुर र उपत्यका बाहिर इटहरी र धनगढिमा आयोजना गर्न लागिएको हो ।

फन कार्निभल ३.० मा टाटाका गाडी किन्ने ग्राहकहरुले आकर्षक एक्सचेन्ज बोनस, निःशुल्क रुपमा इभी गाडीहरुका लागि फास्ट चार्जर, १ वर्षको अटोप्लस इन्स्योरेन्स, १ वर्षको सवारी कर, एक्सेसरिज, सरप्राइज गिफ्ट र बम्पर उपहारमा इलेक्ट्रिकल स्कुटर प्राप्त गर्नेछन । यस कार्निभलका मुख्य उदेश्य भनेको ग्राहकवर्गलाई खेल तथा मनोरञ्जन मार्फत नौलो अनुभुति गर्दै गाडी किन्ने फरक एक्सपेरियन्स प्रदान गर्नु हो ।

यस कार्यक्रमको अबसरमा ग्राहक महानुभावहरुले टाटा मोटर्सको नयाँ तथा अत्याधुनिक डिजाइनका उत्पादनहरु अवलोकन तथा टेष्ट ड्राइभ गर्न सक्नुहुनेछ साथै यस कार्यक्रममा सहभागी भई नयाँ गाडी खरिद गरेर भरपुर फाईदा उठाउनुहुन कंम्पनिले अनुरोध गरेको छ ।

# अध्यक्ष करण चौधरीको अध्यक्षतामा नाडाको नयाँ केन्द्रीय कार्य समिति गठन

**काठमाडौं–** मिति २०८० पौष २० गते काठमाण्डौमा सम्पन्न भएको नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपालको ४७ औं वार्षिक साधारण सभाले करण चौधरीलाई अध्यक्ष पदमा सर्व सम्मत रुपमा निर्वाचित गरेको थियो ।

त्यसैगरी सो साधारण सभाले १७ जना केन्द्रीय कार्य समिति सदस्यहरुलाई समेत सर्व सम्मत रुपमा निर्वाचित गरेको थियो । मिति २०८० पौष २२ गते नव निर्वाचित अध्यक्ष चौधरीको अध्यक्षतामा बसेको नाडा केन्द्रीय कार्य समितिको पहिलो बैठकले नाडाको विधान २०७१ को संशोधित विधान २०८० बमोजिम निम्म बमोजिमका पदाधिकारीहरु सर्बसम्मत रुपमा निर्वाचित गरेको छ ।

निबर्तमान अध्यक्ष डा. ध्रुव थापा, बरिष्ठ उपाध्यक्षमा आकाश गोल्छा, संस्थागत उपाध्यक्षमा पुष्कर ओझा र तेजनारायण साह, अन्य उपाध्यक्षमा राजनबाबु श्रेष्ठ र निराकार श्रेष्ठलाई चयन गरेको छ ।

त्यसैगरी सो बैठकले महासचिवमा, सुरेन्द्रकुमार उप्रेती, सचिवमा विक्रम सिंहानिया, कोषाध्यक्षमा मिलनबाबु मल्ल, सहकोषाध्यक्षमा पंकज अग्रवाललाई निर्वाचित गरेको छ । यसैक्रममा सो बैठकले संस्थागत सदस्यहरुमा सञ्जयकुमार श्रेष्ठ, कुलबहादुर क्षेत्री, कृष्णप्रसाद श्रेष्ठ, गणेशप्रसाद भट्टराई, भद्र भण्डारीलाई निर्वाचित गरेको छ ।

त्यसैगरी सो बैठकले केन्द्रीय कार्य समितिको सदस्य पदमा सुनिल रिजाल, प्रकाश कपुरी, कपिल शिवाकोटी, प्रदिपमान प्रधान, यमुना श्रेष्ठ, संजयकुमार खेतान, नवराज भुषाल, ऋद्धि कार्की, दिपेन्दकुमार मिश्र,र सौरभ थापालाई निर्वाचित गरेको छ ।

यसै परिप्रेक्ष्यमा नाडाको उक्त विधान बमोजिम नव निर्वाचित अध्यक्ष चौधरीले मेघराज पौडेल, निलमणी पाठक र सोहन श्रेष्ठलाई सोही केन्द्रीय कार्य समितिको सदस्य पदमा मनोनित गरेको छ ।

# ग्लोबल आइएमई बैंकको १७औं वार्षिकोत्सवका अवसरमा २५३ कर्मचारीलाई सम्मान



काठमाडौं- ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो स्थापनाको १७ औं वार्षिकोत्सवका अवसरमा बैंकमा १५ वर्ष सेवा पुरा गरेका २५३ कर्मचारीहरुलाई सम्मान गरेको छ ।

बैंकद्वारा आयोजित एक विशेष कार्यक्रमकाबीच ग्लोबल आइएमई बैंक तथा नेपाल उद्योग वाणिज्य महासघंका अध्यक्ष चन्द्रप्रसाद ढकालले बैंकमा १५ वर्षदेखि निरन्तर बैंकमा सेवारत कर्मचारीहरुलाई सम्मान गरेका हुन् ।

अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले मर्जर र व्यवसाय विस्तारसँगै बैंकको गुणस्तर वृद्धिलाई ध्यानमा राख्दै ग्राहकको सेवा तथा सन्तुष्टिलाई प्राथमिकतामा राखेर बैंकको सेवालाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउने बताए ।

उहाँले बैंक आफ्नो स्थापनाको १७ वर्षमा आफूलाई अधिकांश वित्तीय सूचकहरुमा अब्बल बनाउन सफल रहेको बताउनुभएको छ । नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकका नीतिहरको परिपालन गर्दै जाँदा बैंक अहिलेको अवस्थामा आइपुगेको बताउँदै लक्ष्य प्राप्ति भन्दा मिहिनेत र लगनशिलतामा जोड दिन आम कर्मचारीहरुलाई आग्रह गरे ।

कर्मचारीको अथक मिहिनेत र लगनशिलताका कारण बैंक अहिलेको अवस्थासम्म आइपुगेको बताउँदै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकलाई उत्कृष्ट बैंक बनाउन आफ्नो तर्फबाट पुऱ्याउनु भएको विशेष योगदानप्रति सबै कर्मचारीहरुलाई धन्यवाद प्रकट गरे ।

यसैगरी, बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले बैंकले आफ्नो सेवालाई नविनतम तथा ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिनेगरी लक्ष्य निर्धारण गरेर अगाडि बढेको बताए ।

बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले बैंकले आगामि वर्षहरुमा ग्राहकको सेवा र सन्तुष्टिलाई ध्यानमा राख्दै अझ गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गरे । ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकले ३५५ शाखा, ३७९ एटिएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी ११०० भन्दा बढी सेवा केन्द्रबाट ४५ लाखभन्दा बढी ग्राहकहरू माझ सेवा प्रदान गर्दै आएको छ ।

त्यसैगरी, बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुबेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ ।

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।

- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि :
प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस